# अध्याय- एक
## परिचय

### १.१ शोध परिचय

प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोधपत्रको शीर्षक, शोधपत्रको प्रयोजन, शोधपत्रको उद्देश्य, समस्याकथन, पूर्वकार्यको समीक्षा, अध्ययनको महत्त्व, अध्ययनको सीमा र शोधपत्रको रूपरेखा जस्ता शीर्षकहरू राखिएका छन् ।

### १.२ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **"निम्न माध्यमिक तहका कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन"** रहेको छ ।

### १.३ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षाको एम.एड्. द्वितीय वर्षको ५९८ पत्रको प्रयोजनका लागि तयार पारिएको छ ।

### १.४ समस्याकथन

नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । यो भाषा संस्कृतबाट विकसित हुँदै आएको हो । नेपाली भाषालाई सम्पर्कको भाषा तथा साझा भाषाको रूपमा समेत लिने गरिएको छ । यस भाषालाई देवनागरी लिपिमा लेख्ने गरिन्छ । आदिकवि भानुभक्त आचार्यका समय अघिदेखि नै लेखन भाषाका रूपमा रही आएको नेपाली भाषा घरपरिवारदेखि लिएर विद्यालय, विश्वविद्यालय, सरकारी कार्यालय आदिमा कथ्य र लेख्य दुबै माध्यमका रूपमा विकसित भएको छ । नेपाली भाषा आफ्नै व्याकरण र शब्दकोषहरू पनि निर्माण भइसकेका छन् । शिक्षा, सञ्चार आदि क्षेत्रमा प्रयोग भएको नेपाली भाषा बहुसङ्ख्यक नेपालीको माध्यम भाषा, विचार सम्प्रेषण गर्ने भाषा र प्रशासनिक क्षेत्रको महत्त्वपूर्ण भाषा हो ।

जुनसुकै तह भएपनि प्रभावकारी शिक्षण कसरी बनाउने भन्ने कुरामा शिक्षण विधिको अति महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कुन विषयको शिक्षण गर्दा कुन शिक्षण विधिको आवश्यकता पर्दछ भनी राम्रोसँग औंल्याई सोही अनुरूप शिक्षण गरेको खण्डमा शिक्षण प्रभावकारी हुन्छ । प्रभावकारी शिक्षणका लागि उपयुक्त शिक्षण विधिको आवश्यकता पर्ने भएकोले विषयवस्तुको प्रकृतिअनुरूप फरक फरक शिक्षण विधिको उपयोग गरी शिक्षण गर्नु सान्दर्भिक हुन्छ । विषयवस्तुको उपयुक्तताको लागि र बालबालिकालाई विषयवस्तुमा स्पष्ट पार्नका लागि वास्तवमा कुन-कुन विधि अपनाएर शिक्षण गर्ने भन्ने कुरा बढी महत्त्वपूर्ण हो । विषयवस्तुको प्रकृतिलाई मात्र ध्यान नदिई विद्यार्थीको उमेर, रुचि, क्षमता, स्तर आदिलाई विशेष ध्यान दिई शिक्षण गर्नुपर्दछ । निम्न माध्यमिक तहका कविता शिक्षणका लागि शिक्षकहरूले कुन-कुन विधि अपनाएर शिक्षण गर्दछन् भन्ने कुरामा यो शोधपत्र केन्द्रित छ ।

भाषा सीप विकास गर्ने उद्देश्य अनुरूप निम्न माध्यमिक तहमा विविध विधालाई समेटेर भाषा पाठ्यपुस्तक तयार पारिएको छ । विद्यार्थीको रुचि, स्तर, क्षमता, उमेर आदि जस्ता कुराहरूलाई ख्याल गरी विविधता अनुसार शिक्षण विधिमा पनि भिन्नता ल्याई शिक्षण गर्नुपर्दछ । कविता शिक्षण पनि भाषा पाठ्यपुस्तकको एक महत्त्वपूर्ण विधा भएकोले यसको शिक्षण गर्दा अन्य विधा शिक्षणमा भन्दा भिन्न कार्यकलाप अपनाउनु पर्दछ । सरकारी र निजी विद्यालयहरूमा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको सीमित रहने प्रस्तुत शोधपत्रमा निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :-

क) कविता विधा शिक्षण गर्दा अपनाइने शिक्षण विधिहरू के के हुन् ?

ख) सरकारी र निजी विद्यालयहरूमा कविता शिक्षण गर्दा अपनाइने विधिहरूमा के कति अन्तर छ ?

ग) सरकारी तथा निजी विद्यालयहरूमा कविता शिक्षण गर्दा आइपर्ने समस्याहरू के-के हुन् ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क) निम्न माध्यमिक तहमा कविता विधा शिक्षण गर्दा अपनाइने विधिहरूको पहिचान गर्नु,

ख) सरकारी तथा निजी विद्यालयहरूमा कविता शिक्षण गर्दा अपनाइने विधिहरूबीच अन्तर पहिल्याउनु,

ग) सरकारी तथा निजी विद्यालयहरूमा कविता शिक्षण गर्दा आईपर्ने समस्याहरूमाथि प्रकाश पार्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधपत्रसँगै सान्दर्भिकता केही प्रयासहरू विगतमा पनि केही भएका छन्, त्यसबारे जानकारी राख्नुपर्नेहुन्छ । तसर्थ यहाँ निम्न माध्यमिक तहमा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको शीर्षकमा हालसम्म कसैले पनि शोधपत्र तयार गरेको पाइँदैन तर पनि शोधपत्रको शीर्षकलाई सहयोग पुऱ्याउने खालका शोधपत्रहरू केही शोधार्थीको रहेकोले त्यसका बारेमा भएका पूर्वकार्यहरूको समीक्षा निम्नानुसार गरिन्छ :-

**क)** लक्ष्मीप्रसाद ढकालद्वारा **"कक्षा ५ मा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन"** २०५५, शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । उक्त शोधपत्रमा निजी तथा आवासीय विद्यालयका शिक्षकहरूले प्रयोग गर्ने शिक्षण विधिहरूको तुलनामा सरकारी विद्यालयका शिक्षकले प्रयोग गरेका शिक्षण विधिमा एकरूपता रहेको कुरा उल्लेख गरिएको छ । त्यसैगरी सरकारी विद्यालयका शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरू शिक्षक केन्द्रित हुने गरेको निष्कर्ष निकालिएको छ । शिक्षण कार्यकलाप, शैक्षिक सामग्री मूल्याङ्कन आदि पक्षहरू कमजोर रहेको देखाइएको पाइन्छ । उक्त शोधपत्रमा शिक्षकहरूलाई आवश्यक तालिमको व्यवस्था गरिनुपर्ने, शिक्षण विधि विद्यार्थी केन्द्रित हुनुपर्ने, योजना र व्यवस्थापन पक्षमा ध्यान दिनुपर्ने जस्ता सुझावहरू दिइएको छ ।

**ख**) संगीता कार्कीद्वारा २०५८ सालमा तयार पारिएको "**कक्षा ४ मा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने शिक्षण विधिहरूको अध्ययन**" शीर्षकको शोधपत्रमा शोधपत्रको समस्या शीर्षक अन्तर्गत कवितालाई परिभाषित गर्ने क्रममा कविता पद्य विधाभित्र पर्दछ भनेर एउटै पक्षलाई मात्र उल्लेख गरिएको पाइन्छ । कविता गद्य र पद्य दुबै किसिमले लेख्न सकिने विधा हो, त्यसैले गद्य पक्षलाई छुट्याएर पद्य पक्षलाई मात्र प्राथमिकता दिनु कमजोरीकै विषय रहेको छ । उक्त शोधपत्र पनि अनुसन्धानमूलक नभएर पूर्णरूपमा सैद्धान्तिक विषय रहेको छ । उक्त शोधपत्र पनि अनुसन्धानमूलक नभएर पूर्ण रूपमा सैद्धान्तिक पक्षमा केन्द्रित रहेको छ । कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरू र प्रयोग गर्न सकिने शिक्षण विधिहरूको तुलनात्मक नभएर प्रयोग गर्न नसकिने शिक्षण विधिको उल्लेख गर्ने कार्य मात्र भएको पाइन्छ ।

**ग**) विनोदकुमार न्यौपानेद्वारा २०६२ सालमा तयार पारिएको "**कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन**" शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधपत्रमा कविता शिक्षणका ११ वटा विधाहरूको पहिचान गरी तिनीहरूको प्रयोग तह र स्तर अनुरूप गर्नुपर्ने, पाठयोजनाको प्रयोग व्यवहारिक हुनुपर्ने, तालिम अप्राप्त शिक्षकहरूलाई तालिम दिलाई शिक्षण गरेमा कविता शिक्षण बढी प्रभावकारी हुने निष्कर्ष निकालेको पाइन्छ

**घ**) नारायणप्रसाद शर्माद्वारा २०६४ सालमा तयार पारिएको "**कक्षा ८ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन**" शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । प्रस्तुत शोधपत्रमा शिक्षकहरूलाई पाठयोजनाको सैद्धान्तिक ज्ञान भए तापनि त्यसलाई व्यवहारिक रूपमा अधिकांशले नउतारेको, कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्ने बताएपनि व्यवहारिक रूपमा यो नपाइएको, शिक्षण विधिको प्रयोगको सम्बन्धमा धेरैजसो शिक्षकहरूले शिक्षक र विद्यार्थी दुबै सक्रिय हुने विधि अपनाएर

शिक्षण गर्ने बताए तापनि कक्षा अवलोकन गर्दा त्यस्तो नपाइएको निष्कर्ष निकालेको पाइन्छ ।

**ङ**) गीतादेवी डुम्रेद्वारा २०६५ सालमा तयार पारिएको **"प्राथमिक तहका कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन"** शीर्षकमा शोधपत्र तयार पारिएको पाइन्छ । प्रस्तुत शोधपत्रमा प्राथमिक तहमा कविता शिक्षण गर्दा रस, छन्द र अलङ्कार जस्ता कुराहरूमा केन्द्रित नभई वर्णविन्यास, शब्दार्थबोध तथा वाक्यनिर्माण गर्न सकिने, भाव र अर्थको गहिऱ्याइमा नपुऱ्याइ गति, यति, लयमा शुद्ध उच्चारण गर्न प्रोत्साहिन गर्ने, सुनाइ सीप विकास गर्न गीत विधि, छलफल विधि, प्रदर्शन विधि, पढाइ सीप विकास गर्न सस्वर पठन विधि र मौन पठन विधि र लेखाइ सीप विकासका लागि श्रुतिलेखन विधि अपनाइनुपर्ने भन्ने निष्कर्ष निकालेको पाइयो ।

## १.७ शोधको औचित्य, महत्त्व र उपयोगिता

विद्यालय तहमा नेपाली भाषा शिक्षण गर्नुको उद्देश्य विद्यार्थीहरूमा नेपाली भाषाको भाषिक सीप अभिवृद्धि गरी भाषिक दक्षता हासिल गराउनु हो । वास्तवमा भाषा शिक्षण विषयवस्तुको शिक्षण होइन, यो त भाषिक सीपहरूको शिक्षण हो । विद्यालयमा शिक्षण गरिने अन्य विषयको तुलनामा भाषा शिक्षणलाई यसको उद्देश्यले पृथक् राखेको हुन्छ । भाषा शिक्षण सिकाइ कार्यकलापमा विषयवस्तुको ज्ञानलाई गौण महत्त्व दिदैं भाषिक सीपहरूमा दक्ष जनशक्ति उत्पादन गर्ने प्रमुख राखिएको हुन्छ । विद्यालय तहका सम्पूर्ण कक्षाहरूमा पठनपाठन गरिने भाषिक विषयहरूको उद्देश्य भाषिक सीपहरूको शिक्षण मार्फत सम्बन्धित भाषामा दक्षता हासिल गराउनु रहेको छ । भाषिक पाठ्यपुस्तकमा विधागत विविधताअनुरूप विभिन्न विधाहरू समाविष्ट गरिएको हुन्छ । यिनै विधाहरूको माध्यमबाट भाषिक सीप शिक्षण गर्ने उद्देश्य राखिएको हुन्छ ।

भाषा पाठ्यपुस्तकमा समाविष्ट कविता विधि कस्तो विधि हो ? यस विधाको शिक्षणले विद्यार्थीहरूमा भाषिक सीप विकास गराउन के-कस्ता भूमिका खेल्दछ ? यस विधा शिक्षणमा के-कस्ता शिक्षण विधि र क्रियाकपालको अवलम्वन गरिन्छ ? नेपालमा भाषा शिक्षण गर्दा कवितालाई कुन रूपमा राखी अध्यापन गर्नुपर्दछ ? तालिम प्राप्त शिक्षकहरूले तालिममार्फत हासिल गरेका सीप कविता शिक्षण गर्दा अवलम्वन गरेका छन् वा छैनन् ? तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा अपनाउने विधि तथा कार्यकलापको स्थिति कस्तो छ ? जस्ता सवालहरूमा यो शोध अध्ययन केन्द्रित रहेको छ । यसबाट कविता शिक्षण गर्नुको औचित्य र चलिरहेको वर्तमान शिक्षण प्रणालीको अवस्थाको जानकारी शिक्षा क्षेत्रसँग सम्बद्ध जो कोहीलाई हुने विश्वास अध्ययनकर्ताको रहेको छ ।

यस शोधकार्यबाट नेपालमा भाषा शिक्षण गर्दा कविता मार्फत कस्ता भाषिक सीपहरूको शिक्षण गरिएको छ ? अपनाइएका शिक्षण विधिबाट भाषिक कुशलता र दक्षता अभिवृद्धि हुन्छ कि हुँदैन ? यी विधिहरू उपयुक्त छन् कि छैनन् ? त्यसको निष्कर्ष दिने प्रयास शोधकर्ताले गरेको छ । यस शोधकार्यबाट कुनै स्थान विशेषमा गरिएको अध्ययनलाई सम्पूर्ण देशमा भएको शिक्षण अवस्थासँग सामान्यीकरण गरी निष्कर्ष दिने प्रयास गरिएको छ । जसले गर्दा हालसम्म अपनाइएका शिक्षण विधिहरूको अवस्थासँग सम्बन्धित सबै परिचित हुने अपेक्षा गरिएको छ । निम्न माध्यमिक तहका कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधि र प्रयोग गर्न सकिने शिक्षण विधिको अध्ययन गर्ने भएकोले कविता विधाको शिक्षणमा कुन-कुन विधि अपनाउँदा सरल र सहज तरिकाले बालबालिकालाई कविताले दिन खोजेको मुख्य भाव प्रदान गर्न सकिन्छ भन्ने बारेमा अध्ययन गरिने भएकाले अध्ययनको महत्त्व स्पष्ट हुनेछ ।

## १.८ अध्ययनको सीमा

प्रस्तुत शोधपत्रमा रूपन्देही जिल्ला भित्रका सरकारी र निजी विद्यालय गरी जम्मा १० वटा विद्यालयहरूलाई समावेश गरिएको छ ।

तालिम प्राप्त र अप्राप्त शिक्षक, तिनले प्रयोग गरेका शिक्षण विधिको अध्ययन, सिद्धान्त र व्यवहार आदि कुराको सर्वेक्षणद्वारा तथ्य पत्ता लगाउनु यसको प्रयोजन रहेको छ । शोधको उद्देश्य, समयको सीमितता, आर्थिक कठिनाइ आदिले गर्दा विद्यालयको प्रशासन पक्ष, शिक्षकको पेसाप्रतिको झुकाव, विद्यालयको भौतिक पक्ष, मातृभाषा भएका र नभएका शिक्षक, विद्यालयको आर्थिक अवस्था आदिको अनुसन्धान गरिएको छैन् । निम्न माध्यमिक तहमा रहेका कथा, जीवनी, प्रबन्ध, संवाद, चिठी, वादविवाद, निवेदन सबैको समावेश गरिएको भएतापनि केवल कवितामा प्रयोग भएका शिक्षण विधिको १ घन्टी सुपरीवेक्षण गरियो । कविता शिक्षणका क्रममा पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न किसिमका अभ्यासहरूको समावेश यस शोधपत्रमा गरिएको छैन् । धेरै विद्यालयको सर्वेक्षण गर्न समयको सीमितता, आर्थिक कठिनाइ आदि कुराले असम्भव भएकोले यस शोधार्थीले रूपन्देही जिल्ला भित्रका सरकारी ५ वटा र निजी ५ वटा विद्यालय गरी जम्मा १० वटा विद्यालयमा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन अनुसन्धान गरी व्याख्या विश्लेषण गर्नतर्फ सीमित रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रको शोध विषयसँग सम्बद्ध आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत शिक्षक तथा प्रशिक्षकहरूले प्रश्नावलीमार्फत प्रस्तुत गरेको दृष्टिकोण रहेको छ भने द्वितीय स्रोतका रूपमा पत्रपत्रिका, प्रकाशित लेखहरू र प्रकाशित तथा अप्रकाशित शोधप्रबन्धहरूलाई सहायक सामग्रीका रूपमा लिइएको छ । मूल रूपमा क्षेत्रीय सामग्री सङ्कलन विधि र आंशिक रूपमा पुस्तकालयीय विधिको पनि प्रयोग गरिएको छ ।

### १.९.१ जनसङ्ख्या तथा नमुना

प्रस्तुत शोधपत्र निर्माणका लागि शोधकार्य सम्पन्न गर्ने क्रममा रूपन्देही जिल्लाको बुटवल नगरपालिका क्षेत्र नजिकका सालझण्डी तथा

दुधराक्ष गा.वि.स. भित्रका ५ वटा सरकारी र ५ वटा निजी विद्यालय गरी जम्मा १० वटा विद्यालयका १० जना शिक्षकहरूलाई मात्र जनसङ्ख्याका रूपमा लिइएको छ । हुन त नेपाल भरी नि.मा.वि. तहका विद्यालयहरूमा अध्यापन गर्ने शिक्षकहरूको सङ्ख्या अधिक नै छ तापनि विविध समस्याका बाबजुद रूपन्देही जिल्ला भित्रका १० जना शिक्षकहरूलाई जनसङ्ख्याका रूपमा लिने काम भएको छ । त्यसैगरी ५ वटा सरकारी विद्यालय र ५ वटा निजी विद्यालय गरी जम्मा १० वटा विद्यालयहरू प्रतिनिधि नमुनाका रूपमा रहेका छन् ।

### १.९.२ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्र तयार पार्नका लागि १० वटा विद्यालयहरूमा सुपरीवेक्षणका लागि प्रश्नावली र कक्षा अवलोकन फारमको निर्माण गरी अनुसन्धान गरियो । प्रश्नावलीमा १५ वटा प्रश्नहरू समावेश गरिएका थिए भने कक्षा अवलोकन फारममा १२ वटा शीर्षकहरू राखिएका थिए । प्रश्नावली शिक्षक/शिक्षिका आफैले सही उत्तरमा ठीक चिन्ह (✓) लगाएका थिए भने शोध अनुसन्धानकर्ताद्वारा प्रत्यक्ष कक्षा अवलोकन गरी कक्षा अवलोकन फारम भरिएको थियो ।

### १.९.३ तथ्यको सङ्कलन

तथ्य सङ्कलन गर्ने क्रममा रूपन्देही जिल्ला भित्र रहेका थुप्रै सरकारी विद्यालयहरूबाट कुनै ५ वटा विद्यालय र निजी विद्यालयबाट पनि कुनै ५ वटा विद्यालय गरी जम्मा १० वटा विद्यालयको स्थलगत सुपरीवेक्षण गर्ने कार्य गरियो । ती विद्यालयमा तालिम लिएका र तालिम नलिएका शिक्षक/शिक्षिकाहरूकाले निम्न माध्यमिक तहका कविता शिक्षण गर्दा प्रयोग गरेका शिक्षण विधिहरूका साथै सम्पूर्ण क्रियाकलापहरूको समेत अवलोकन गरियो । अवलोकन गर्न जाँदा सुरुमा शिक्षक/शिक्षिकाहरूलाई शोधपत्र तयार पार्नका लागि बनाइएको सामग्री प्रश्नावलीलाई भर्न लगाइयो भने त्यसपछि मात्र शिक्षक/शिक्षिकाको कक्षा अवलोकन गरी उनीहरूले कविता शिक्षण

गर्दा अपनाइएका विधिहरूको अनुसन्धान गरी अन्य क्रियाकलापका बारेमा पनि कक्षा अवलोकन कार्य गरियो । कक्षा अवलोकनका लागि विद्यालयहरूमा गएर निम्न माध्यमिक तहअन्तर्गतका कक्षा ६,७ र ८ मध्ये सरकारी विद्यालयतर्फ कक्षा ६ मा १ शिक्षकको, कक्षा ७ मा २ जना शिक्षकको र कक्षा ८ मा २ जना शिक्षक गरी जम्मा ५ जना शिक्षक एवम् निजीतर्फ पनि कक्षा ६ मा १ जना शिक्षकको, कक्षा ७ मा २ जना शिक्षकको र कक्षा ८ मा २ जना शिक्षकको गरी जम्मा ५ जना शिक्षकको १/१ कक्षा अवलोकन गरियो ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकार रहेको छ :-

अध्याय एक : शोध परिचय

अध्याय दुई : कविता शिक्षणको सैद्धान्तिक परिचय

अध्याय तीन : अध्ययन प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

सन्दर्भग्रन्थसूची

परिशिष्टहरू

# अध्याय- दुई
## कविता शिक्षणको सैद्धान्तिक परिचय

### २.१ निम्न माध्यमिक शिक्षाको उद्देश्य

निम्न माध्यमिक शिक्षाको उद्देश्य श्रमप्रति सकारात्मक भावना भएका, राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान् तथा नेपाली भाषा, गणित र विज्ञान विषयमा उपयुक्त स्तरको ज्ञान भएको चरित्रवान् नागरिक तयार पार्ने रहेको छ । (वाग्ले र कार्की, २०६३ :२३९)

माथि उल्लेखित उद्देश्य बाहेक निम्न माध्यमिक शिक्षाको उद्देश्य नेपालको आर्थिक विकास गर्न सक्ने, मानवीय संसाधनको उत्पादन गर्ने साथै भाषिक व्यवहारमा सक्षम र सिर्जनशील, सहयोगी, राष्ट्रिय परम्परा र संस्कृतिसँग परिचित वैज्ञानिक सुझबुझ भएका स्वावलम्बी उद्यमशील र प्रजातान्त्रिक जीवन मूल्यसँग सचेत नागरिक तयार पार्नु रहेको छ । (शर्मा, २०६४ : ४३८)

### २.२ कविता शिक्षणको सैद्धान्तिक परिचय

साहित्यका विविध विधाहरूमध्ये कवितालाई एउटा महत्त्वपूर्ण विधाका रूपमा लिइन्छ । यो विधा प्राचीन र समृद्ध विधा हो । कवितालेखनको थालनी हुनुभन्दा अगाडि यसको सम्बन्ध लोकजीवनसँग भएको विश्वास गरिन्छ । साहित्यका श्रव्य र दृश्य भेद मध्ये कविता श्रव्य भेदमा पर्दछ । कविताले मानवका अन्तर कुन्तरमा रहेका भावनाहरूलाई उपयुक्त पदावलीमा सहज अभिव्यक्ति दिने कार्य गर्दछ । लय र भावको उचित संयोजनबाट कविता विधाको जन्म हुने भएकोले यसमा कल्पना, भाव, बौद्धिकताको पनि बेजोड मिश्रण रहेको हुन्छ । कविता मानव जीवन भोगाइका विविध अनुभूतिहरूलाई लयात्मक पारामा सूत्रबद्ध गरी सिर्जना गरिएको हुन्छ । कविताले मानवलाई आनन्दानुभूति मात्र नदिएर असल भावनाको विकास, बौद्धिक परिष्कार, नवीन चिन्तनको विकास तथा वैचारिक परिवर्तनमा समेत सहयोग पुऱ्याउँछ ।

कवितालाई गद्य र पद्य गरी दुई भेदमा वर्गीकरण गरिएको छ । गद्य कविता भन्नाले कुनै शास्त्रीय नियमबाट मुक्त रही स्वतन्त्र रूपले रचना गरिएका कविता हुन् । यस्ता कवितामा स्वच्छन्दता तथा आन्तरिक लयात्मकता रहेको हुन्छ । विभिन्न शास्त्रीय नियमको परिधिभित्र रहेर लय र भावको मिश्रणका साथ रचना गरिएका कविताहरूलाई पद्य कविता भनिन्छ । यस्ता कवितामा कविले स्वतन्त्र रूपमा आफ्ना भावनाहरूलाई अनुसरण गर्दै आफ्ना भावनाहरूलाई कवितामा सूत्रबद्ध गर्न सक्दैन् । ऊ कठोर शास्त्रीय नियमलाई अनुसरण गर्दै आफ्ना भावनाहरूलाई कवितामा पोख्दछ । पद्य कवितालाई छन्दोबद्ध कविता र गद्य कवितालाई मुक्त कविता भन्ने गरिन्छ । हिजोआज गद्य कविता लेखनको प्रचलन बढी मात्रामा चलेको पाइन्छ ।

## २.३ कविता शिक्षणको उद्देश्य

भाषा शिक्षण भनेको भाषिक सीपहरूको शिक्षण हो । लेखेर, बोलेर, अभिव्यक्ति गरिने विचार विनिमयको महत्त्वपूर्ण साधन भाषा हो । अर्को अर्थमा भन्ने हो भने भाषा ज्ञान प्राप्तिको लागि प्रयोग गरिने महत्त्वपूर्ण औजार पनि हो । नेपालका माध्यमिक तहसम्म नेपाली शिक्षण गर्नुको उद्देश्य विद्यार्थीहरूलाई भाषिक दक्षता बढाउनु हो । भाषिक सीप विकासका लागि विधा शिक्षण, भाषातत्त्व र शब्दभण्डार आदिको साहारा लिन सकिन्छ । कविता विधा भाषिक सीप बढाउनका लागि पाठ्यपुस्तकमा समेटिएको एक महत्त्वपूर्ण विधा हो । निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमका कविता शिक्षणका माध्यमबाट पढाइ सीपको विकास गर्ने प्रमुख लक्ष्य राखिएको पाइन्छ । यसबाट पनि के भन्न सकिन्छ भने निम्न माध्यमिक तहमा शिक्षणको उद्देश्य विद्यार्थीहरूमा भाषिक सीपहरूको अभिवृद्धि गर्नु नै हो ।

निम्न माध्यमिक तहमा कविता शिक्षणको उद्देश्य विद्यार्थीहरूलाई गति, यति मिलाएर पाठ गर्न सिकाउनु र कविताको भावसँग परिचित हुने सीपको विकास गराउनु हो । यसका अतिरिक्त कविता शिक्षणका माध्यमबाट विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक

सीपहरूको विकास गरी बोध र अभिव्यक्ति क्षमताको अभिवृद्धि गर्नुपनि यसको अर्को महत्त्वपूर्ण प्रयोजन हो । विविध शैली र प्रकारका कविताबाट आस्वादन लिन काव्यात्मक भाषा बुझ्न, थोरैमा धेरै भन्ने क्षमता वृद्धि गर्न, निम्न माध्यमिक तहमा कविता विधाका रूपमा प्रयोग हुन्छ । यसबाट गति, यति र लय मिलाई सस्वर पठनको अभ्यास गराउन सकिन्छ । यसो गर्नाले विद्यार्थीहरूमा शब्दभण्डारको वृद्धि, उच्चारणमा सुधार र रचना कौशलको विकास  हुन्छ । (अधिकारी र अन्य, २०६१ :१)

कविता शिक्षणको उद्देश्यलाई निम्नानुसार बुँदागत गर्न सकिन्छ :-

- गति, यति र लय मिलाई सस्वरवाचन गर्ने क्षमताको विकास गर्नु,
- शुद्ध उच्चारण गर्ने क्षमताको अभिवृद्धि गर्नु,
- कविताका विभिन्न पङ्क्तिलाई व्याख्या गर्ने क्षमताको विकास गर्नु,
- भावार्थ बताउन सक्ने तुल्याउनु,
- शब्दभण्डारको वृद्धि तथा शब्द प्रयोग र वाक्य रचनामा दक्षता बढाउनु,
- भाषिक सीपहरूको विकास र अभिव्यक्ति क्षमता बढाउनु,
- पद्य भाषालाई गद्यमा रूपान्तर गर्नुका साथै सारांश कथन र लेखन क्षमताको विकास गर्नु,
- विश्लेषणात्मक क्षमताको विकास गर्नु,
- विशिष्ट भाषा बोध गर्ने क्षमता बढाउनु,
- विविध शैलीयुक्त भाषा प्रयोग र पहिचान गर्ने क्षमता बढाउनु,
- सिर्जनात्मक क्षमता र कल्पना शैलीको विकास गराउनु,
- विद्यार्थीहरूको बौद्धिक विकास गर्नु ।

## २.४ कविता शिक्षण गर्दा ध्यानदिनुपर्ने कुराहरू

कहिलेकाँही शिक्षकहरूलाई कविता शिक्षण कुन अनुक्रम अनुसार गर्दा उपयुक्त होला भन्ने कुराले पनि अलमल्ल पार्न सक्दछ । त्यसो त

शिक्षकको आफ्नो अनुभव, पाठ्यवस्तुको प्रकृतिजस्ता कुराले गर्दा शिक्षण क्रममा सामान्य फेरबदल स्वाभाविक नै मानिन्छ तापनि शिक्षण कार्यलाई गतिशील तुल्याउन, अनावश्यक पुनरावृत्तिबाट समय खेरजान नदिन र शिक्षण कार्यलाई सुगम बनाउन खास पाठ्यवस्तु खास क्रममा शिक्षण गर्नु उपयुक्त हुन्छ । त्यसैले कविता शिक्षण गर्दा ध्यान दिनुपर्ने वा अपनाउनु पर्ने प्रक्रियालाई निम्नानुसार उल्लेख गरिन्छ :-

२.४.१ प्रस्तावना

पाठ्य कविताको बारेमा केही कुरा बताएर पाठ्य कविताको जानकारी दिन सकिन्छ । कविताको परिचय दिँदा पाठ्य कविताका कविको बारेमा सामान्य छोटो जानकारी दिएर कविता शिक्षण गर्नु राम्रो मानिन्छ । प्रस्तावनाको मूल तात्पर्य विद्यार्थीलाई पाठ्यवस्तुतिर आकर्षित गर्नु मात्र भएकाले प्रारम्भमै गहन शास्त्रार्थलाई प्रश्रय दिनु सर्वथा उपयुक्त हुँदैन । (शर्मा र पौडेल, २०६० :९८७)

२.४.२ शब्दार्थ सम्बन्धी कठिनाइको निवारण

पाठ्यकवितामा विद्यार्थीहरूका लागि कतिपय शब्द तथा शब्दावली कठिन हुन सक्छन् । प्रस्तावनापछि त्यस्ता कठिन शब्दहरू तथा शब्दावलीको पहिचान शिक्षकले आफ्नो अनुभव र विद्यार्थीहरूको सहयोगबाट गर्नुपर्दछ । कविताका प्रत्येक पङ्क्तिहरू तथा त्यसभित्र रहेका कठिन शब्दहरू कुन-कुन छन् भनेर विद्यार्थीहरूलाई सोधी सोही विद्यार्थीहरूले भनेका कठिन शब्दहरू कालोपाटीमा टिपेर ती शब्दहरूको अर्थ पर्यायवाची शब्द दिएर, परिभाषा गरेर, आशय बताएर, वस्तु प्रतिमूर्ति तथा चित्र देखाएर वा अभिनय गरेर वा वाक्यमा प्रयोग गरेर स्पष्ट पार्न सकिन्छ । विपरीत शब्दको प्रयोग गरेर पनि शब्दको अर्थ बुझाउन सकिन्छ तर सबै शब्दका विपरीतार्थी शब्द हुन्छन् भन्ने छैन । (शर्मा र पौडेल, २०६० :१८७)

### २.४.३ आदर्श पाठ

शब्दार्थ सम्बन्धी कठिनाइको निवारण पछि शिक्षकद्वारा पाठ्यकविताको उपयुक्त गति, यति र लय मिलाई आदर्श पाठ गर्नुपर्दछ । शिक्षकको स्तर अनुकरणीय नभएको खण्डमा विद्यार्थीहरूको सहयोग लिने वा त्यसबाट पाठ्यकविताको टेप गराइ कक्षामा प्रस्तुत पनि गर्न सकिन्छ । लय बोधका लागि आदर्श पाठ महत्त्वपूर्ण नमुना हुने हुँदा शिक्षक आदर्श पाठका लागि विशेष किसिमले सचेत हुनुपर्दछ । आदर्श पाठको क्रममा आरोह-अवरोहका साथै भावभङ्गी पनि स्वभाविक तथा सजीव हुनुपर्दछ ।

### २.४.४ अनुकरणवाचन

आदर्श पाठपछि सोहीअनुसार सम्पूर्ण कक्षा समूह तथा व्यक्तिगत रूपमा विद्यार्थीहरूलाई अनुकरणवाचन गराउनु पर्दछ । त्यसरी अनुकरणवाचन गराउँदा विद्यार्थीलाई छन्द, लय र भावअनुसार उचित आरोह-अवरोह र भावभङ्गीका साथ पढ्ने अभ्यास गराउनु पर्दछ । यस क्रममा उच्चारण सम्बन्धी हुने त्रुटिको पनि सुधार गरिदिनुपर्दछ । अनुकरणवाचन लय बोधका दृष्टिले गराइने हुँदा यसको अभ्यास प्रशस्त मात्रामा गराउनु उपयुक्त हुन्छ ।

### २.४.५ बोध प्रश्नोत्तर

अनुकरणवाचन पछि पाठ्यकविताका बारेमा विद्यार्थीहरूको सामान्य धारणा बसिसक्ने हुँदा त्यसका बारेमा मौखिक प्रश्नोत्तर गराउनु उपयुक्त हुन्छ । यस्तो कार्य गर्नाले विद्यार्थीहरूमा हुने परनिर्भरता घट्नुका साथै शिक्षकलाई उनीहरूको कठिनाइ सम्बन्धी समस्याको जानकारी पनि हुन्छ ।

### २.४.६ भावार्थसम्बन्धी अभ्यास

यस क्रममा शिक्षकले विद्यार्थीहरूबाट प्राप्त पृष्ठपोषणको समेत ख्याल गरी उपयुक्त शैक्षिक सामग्रीको प्रदर्शन गरी पाठ्यकविताको

भावपक्षको व्याख्या गर्दै विद्यार्थीहरूलाई पनि उक्त कार्य गर्न लगाउनु पर्दछ । यस्तो कार्य पूर्व प्रसङ्ग, विद्यार्थीहरूका पूर्व अनुभव आदि कुरालाई मध्यनजर गरेर गर्नुपर्दछ ।

२.४.७ सारांश कथन र लेखन

पाठ्यकविताका मुख्य-मुख्य बुँदाहरूलाई भन्न लगाउनु सारांश कथन हो भने ती बुँदाहरूलाई मिलाएर लेख्न लगाउनु सारांश लेखन हो । सारांश लेखन क्रियाकलाप गराउँदा सुरुमा विद्यार्थीहरूलाई पाठ्यकविताका बारेमा बताउन लगाउनुपर्दछ र पछि लेख्न लगाउनुपर्दछ । । यसो गर्दा विद्यार्थीहरूले केही कुरा छोडेमा शिक्षकले सचेत गराइदिनुपर्छ । यस क्रियाकलापबाट बोलाइ, पढाइ र लेखाइ सीपको विकास हुन्छ ।

२.४.८ मूल्याङ्कन

यस क्रममा विद्यार्थीहरूलाई पाठ्यकविताका बारेमा विविध किसिमका प्रश्नहरू गरेर मूल्याङ्कन गरिन्छ । पाठको अन्तमा गरिने मूल्याङ्कन प्रायजसो मौखिक हुने गर्दछ तापनि पाठमा भएका महत्त्वपूर्ण कुराहरूको मूल्याङ्कनका लागि भने केही प्रश्नहरू गृहकार्यका रूपमा दिएर लेखेर ल्याउन लगाई मूल्याङ्कन गरिन्छ । मूल्याङ्कनका आधारमा विषयवस्तुको ज्ञान भए नभएको थाहा पाइने हुँदा शिक्षणका क्रममा मूल्याङ्कन अति नै महत्त्वपूर्ण हुन जान्छ ।

२.५ निम्न माध्यमिक तहमा कविता शिक्षणका लागि उपयुक्त विधिहरू

कविता शिक्षणका लागि माथि उल्लेखित गरिएका विधिहरूको प्रयोग गर्न सकिन्छ तापनि विशेष गरी नि.मा.वि. तहमा हाम्रो नेपाली कितावमा संलग्न कविताहरूको शिक्षणमा निम्न विधिहरू अपनाउन सकिन्छ :-

### २.५.१ गीत तथा अभिनय विधि

यसमा गाएर वा संवादात्मक पद्यांशहरूको अभिनय गरेर कविता शिक्षण गरिन्छ । बालबालिकालाई लय र तालसँग परिचित गराई कवितामा उनीहरूको रुचि प्रवर्द्धन गर्नु यस विधिको मुख्य उद्देश्य हुन्छ ।

अभिनय प्रधान अंशहरूमा उचित आङ्गिक चेष्टाद्वारा कविताको शिक्षण गरिएका बालबालिकाहरू कविताको भाव ठम्याउन र उनीहरूलाई अभिनयको आनन्दले कविताप्रति आकर्षित पनि गर्दछ । यसरी गीत तथा अभिनयको आनन्दले कविताप्रति आकर्षित पनि गर्दछ । यसरी गीत तथा अभिनय विधिको उपयोग गरेर कविता शिक्षण गर्दा विद्यार्थीहरूले सजिलो अनुभव गर्दछन् ।

### २.५.२ कुराकानी तथा छलफल विधि

कक्षाकोठामा शिक्षण गर्ने क्रममा शिक्षण गर्ने कुनै विषयवस्तु समस्या वा प्रश्नमा समूहमा बसी विचारको आदानप्रदान गर्ने विधिलाई कुराकानी तथा छलफल विधि भनिन्छ । यस विधिको उपयोग गरी शिक्षण गर्दा कुनै पनि विषयवस्तु, समस्या वा प्रश्नहरू प्रस्तुत गरी त्यसमा विद्यार्थीहरूलाई समूह-समूहमा एउटै समूहमा वा पक्ष विपक्षमा छलफल गर्न र विचार राख्न लगाउने र छलफलबाट आएका कुराहरूका आधारमा निष्कर्ष निकाल्ने भएकोले यो विधि उपयुक्त हुन जान्छ । कविताका खास-खास श्लोकका भावलाई बुँदाका आधारमा विद्यार्थीहरूलाई छलफल गराउँदै कविता सिकाउन सकिने हुनाले यो विधि कविता शिक्षणमा प्रभावकारी हुन्छ । छलफल गरिने विषयवस्तुलाई अघिल्लो दिन दिएर अर्को दिन कक्षामा तयारीका साथ आउन निर्देशन दिइयो भने विद्यार्थीहरू छलफलमा अझ बढी सक्रिय हुन सक्छन् र छलफल प्रभावकारी हुन पुग्दछ । यस विधिको प्रयोग गरी शिक्षण गर्दा बालबालिकाहरूको मौखिक अभिव्यक्तिको सङ्केत विकास हुने हुँदा यसलाई महत्त्वपूर्ण विधिका रूपमा लिन सकिन्छ । शिक्षक र विद्यार्थीहरूका बीच हार्दिकपूर्ण सम्बन्ध कायम गर्नुका साथै शिक्षकसँग

निर्धक्क भएर प्रश्न सोध्ने, जिज्ञासा राख्ने, साथी भाइहरूसँग घुलमिल हुन समेत भएकोले कुराकानी तथा छलफल विधिलाई कविता शिक्षणका क्रममा उपयुक्त ढङ्गले प्रयोगमा ल्याउनुपर्ने हुन्छ ।

२.५.३ प्रश्नोत्तर विधि

शिक्षकले कक्षामा प्रश्न गर्दै विद्यार्थीहरूबाट उत्तर लिने र गलत भएमा सच्याउँदै जाने शिक्षण प्रक्रियालाई प्रश्नोत्तर विधि भनिन्छ । शिक्षक, शिक्षिकाले पाठ्यपुस्तकमा भएका कविताहरूलाई सस्वर पढ्न र मौन पढ्न लगाएर छोटा-छोटा प्रश्नहरू प्रशस्त बनाएर त्यसको उत्तर भन्न लगाउने यो विधि कविता शिक्षणका क्रममा निकै उपयोगी हुने र शिक्षक विद्यार्थी दुबै सक्रिय हुने भएकोले महत्त्वपूर्ण मानिन्छ ।

२.५.४ व्याख्यान विधि

कविता शिक्षणमा व्याख्यान विधि निकै प्रचलित र प्रयोग गरिने विधि हो । यस विधिमा शिक्षकले कविताका अंशहरू आफैले पढेर वा पढ्न लगाएर उक्त अंशको बारेमा व्याख्या विश्लेषण गर्ने कार्य यस विधिको उपयोगद्वारा गरिन्छ । यसमा विद्यार्थीले नबुझेका कुराहरूको ठाउँमा शिक्षकले स्पष्ट पार्दैजाने हुनाले यस विधिको माध्यमबाट गरिने हुँदा कविता शिक्षण गर्ने क्रममा यो विधि निकै महत्त्वपूर्ण र प्रभावकारी हुन जान्छ किनभने छोटो समयमा धेरै विषयवस्तुको ज्ञान दिलाउनुपर्ने भएको खण्डमा यो विधि निकै उपयोगी हुन्छ । कविता साहित्यको एउटा विधा हो । साहित्यमा एउटा विधाका रूपमा रहेको कवितालाई शिक्षणको क्रममा धेरै विषयवस्तुको जानकारी दिनुपर्ने भएकोले यो विधि उपयोगी हुन जान्छ । त्यसैले कविता शिक्षणमा व्याख्यान विधि पनि उपयुक्त हुने गर्दछ ।

२.५.५ चित्रलेखन विधि

विषयवस्तुको प्रकृति अनुसार शिक्षणलाई प्रभावकारी बनाउन र स्पष्ट रूपमा शिक्षणलाई सकारात्मक दिशा दिन प्रत्यक्ष रूपमा चित्रहरू

देखाएर स्पष्ट बनाउनुपर्ने आवश्यकता हुनजान्छ । त्यस्तो आवश्यकता भएको खण्डमा चित्रलेखन विधिको उपयोग गरी कविता शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ । चित्र वा फोटोद्वारा भावबोध गराउन सकिने हुँदा कविता शिक्षणका क्रममा पनि चित्रलेखन विधिको आवश्यकता अनुसार प्रयोग गर्न सकिन्छ ।

### २.५.६ श्रव्य सामग्रीको प्रयोग विधि

रेडियो, टेप, रिकर्डर, ग्रामोफोन, टेलिफोन जस्ता सामग्री श्रव्य वर्गमा पर्दछन् । यस्ता सामग्रीको प्रयोगबाट पाठलाई विविधता किसिमले प्रस्तुत गरी शिक्षणलाई प्रभावकारी र रोचक बनाउन सकिन्छ । विभिन्न किसिमका लयहरूको प्रयोग गरेर अनेकौँ छन्द र शैलीमा कविताहरू लेखिन्छन् । त्यसैले कवितालाई लयात्मक अभिव्यक्ति हो भनेर भन्न सकिन्छ । साहित्यका अन्य विधाबाट कवितालाई छुट्याउने प्रमुख तत्त्व भनेको लयविधा हो । कविताको मूल तत्त्व मानिने लयलाई शिक्षकले मौखिक उच्चारण गरेर प्रभावकारी ढङ्गले शिक्षण गर्न वा सिकाउन मद्दत पुग्न जान्छ । क्यासेट जस्ता सामग्रीले भाषा शिक्षणका क्रममा महत्त्वपूर्ण योगदान तथा सहयोग पुऱ्याउँदै आएका छन् । कवितालाई पनि संगीतात्मक रूपमा ध्वनिबद्ध गरेर कक्षाकोठामा क्यासेट चक्काहरूको प्रयोग गरेर शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ । विभिन्न छन्द र लयमा लेखिएका कविताहरूलाई क्यासेट चक्कामा भरी विद्यार्थीहरूलाई कक्षाकोठामा सुनाउँदा बढी प्रभावकारी हुन जान्छ । साधन स्रोत सम्पन्न विद्यालयहरूमा कम्प्युटरमा नै कविताहरू राख्ने र तिनीहरूलाई अलग-अलग ढङ्गबाट सुनाउने प्रविधिको विकास भइसकेको छ ।

### २.५.७ श्रुतिबोध लेखन विधि

सुनेको आधारमा शब्द, पदावली वाक्य लेखन अभ्यास गराउने विधि कविता शिक्षणमा आवश्यक हुन्छ । शिक्षकले कविताका यति, गति, लय आदिको बारेमा भनिदिने र विद्यार्थीहरूलाई लेख्न लगाएको

खण्डमा भाषाको लेखन सीपको विकास हुन्छ । यस विधिको उपयोग गरेर शिक्षण गरेको खण्डमा विद्यार्थीहरूमा लेखन सीपको विकास हुनुका साथै विषयवस्तुमा ध्यानपूर्वक वा रुचिपूर्वक किसिमले सुन्ने बानीले पनि विकास हुने भएकोले यो विधि पनि निकै उपयोगी हुन जान्छ ।

२.५.८ सस्वर पठन विधि

पठनका क्रममा अर्काले सुन्ने गरी स्वर निकालेर पढ्ने प्रक्रियालाई सस्वर पठन भनिन्छ । सस्वर पठन पढाइ सीप विकासको प्रारम्भिक चरण हो । पाठ्यसामग्रीलाई स्रोता समक्ष पुऱ्याउने वा स्रोताले सुन्ने गरी पढ्नको लागि सस्वर पढाइ महत्त्वपूर्ण हुन्छ । सस्वर पठन लेख्य सामग्रीलाई बोलीमा परिणत गर्ने सीप हो । यसबाट लेख्य लिपि चिन्हहरूलाई आवाज निकालेर उच्चारण गर्दा हुने गल्तीहरू सुधारेर परिष्कृत दिलाई बोलाइका विविध सीपहरूको समेत विकास गर्न सकिन्छ । अक्षर उल्टोपल्टो गरी पढ्ने, शब्दशब्द छुट्याई पढ्न नसक्ने, ठाउँ-ठाउँमा शब्द वा अक्षर छोडेर पढ्ने अनि गलत उच्चारण गरी पढेर अर्कै वा अभिप्राय व्यक्त हुने जस्ता त्रुटिहरूलाई सस्वर पठन विधिकै माध्यमले हटाउन सकिने हुँदा यो निकै उपयोगी विधिका रूपमा रहेको छ । सस्वर पठन सामूहिक र व्यक्तिगत दुबै हुनसक्छ । अरूले बुझ्ने गरी हाउभाउपूर्ण र शुद्ध एवम् स्पष्टसँग पढ्ने बानीको विकास गर्न सस्वर पठनको अभ्यास गराउनुपर्ने हुन्छ । यस प्रकारको पठनमा भावअनुसार उच्चारणको आरोह-अवरोह मिलाउनु पर्ने गति, यति मिलाउनु पर्ने, अङ्ग परिचालन गर्नुपर्ने अभिनयात्मक प्रक्रिया अँगाल्नु पर्ने आदि कारणले शारीरिक थकावट हुनसक्ने स्थिति रहने हुनाले एकैचोटी धेरै पाठ्यसामग्री पठनका लागि उपयोग गर्नुहुँदैन । कवितामा प्रमुख तत्त्वका रूपमा रहेको लयको शिक्षण गराउनुपर्ने हुँदा सस्वर पठनलाई नै मुख्य आधार बनाएर सिकाउनुपर्ने हुन्छ । त्यसैले कविता शिक्षणका क्रममा पनि सस्वर पठन विधि निकै उपयोग हुने भएकाले यसको प्रयोग गरेर शिक्षण गर्न सकिन्छ । सस्वर पठन भनेको त

लिपिबद्ध चिन्हहरूलाई आवाज निकाली श्रोताले सुन्ने गरी सजीव वा अर्थपूर्ण बनाउनु हो । (अधिकारी, २०५१ :९३)

२.५.९ मौन पठन विधि

आवाज ननिकालिकन आफैले मनमनै पढ्ने प्रक्रियालाई मौन पठन विधि भनिन्छ । सस्वर पठन व्यक्तिगत वा सामूहिक दुवै किसिमले हुन्छ भने मौन पठन व्यक्तिगत रूपमा मात्र हुने गर्दछ । खास गरेर बोध क्षमताको अभिवृद्धिका लागि यो मौन पठन निकै महत्त्वपूर्ण रहेको हुन्छ । यसमा स्रोता र उच्चारणको आवश्यकता पर्दैन । यस्तो पठन सस्वर पठनको तुलनामा सरल र शीघ्र पनि हुन्छ । मौन पठनद्वारा थोरै समयमा धेरै कुरा पढ्न सक्ने क्षमताको विकास गर्न सकिन्छ । स्वाध्ययनको बानी बसाल्न मौन पठन ज्यादै नै उपयोगी उपाय हो । त्यसैले कविता शिक्षणका क्रममा मौन पठन प्रक्रिया पनि निकै उपयोगी हुने भएकोले यस विधिको प्रयोग गरी कविता शिक्षण गर्न सकिन्छ ।

२.५.१० स्वरको आरोह-अवरोह विधि

कविता शिक्षणका क्रममा गति, यति र लय मिलाएर वाचन गर्ने यो विधि निकै उपयोगी हुन्छ । कुन ठाउँमा पङ्क्ति हुन्छ र कस्तो गतिले प्रत्येक पङ्क्तिहरू उच्चारण गरिनुपर्ने हो त्यसलाई शिक्षकले राम्ररी भनिदिएपछि विद्यार्थीहरूले शिक्षकसँगसँगै भन्न थाल्छन् र केही समयपछि उनीहरू आफैले यति, गति, पङ्क्ति, लय मिलाइ भन्न सक्ने हुन्छन् । उक्त कुराको जानकारी लिनका लागि सामूहिक रूपमा वाचन गर्न नलगाएर व्यक्तिगत रूपमा वाचन गर्न लगाएको खण्डमा उपयुक्त हुन जान्छ । अप्ठ्यारा शब्दहरूको उच्चारण गर्न लगाउने हलन्त र अजन्तको उच्चारणगत भेद प्रष्ट पार्ने काम कविता वाचनकै क्रममा सिकाउन सकिन्छ । पटक-पटक कविताहरूको वाचन गर्दै जाने हुँदा कवितामा रहेको यतिगति र लय मिलाइ कवितालाई प्रभावकारी ढङ्गले शिक्षण गर्न सकिने हुँदा यसलाई पनि विधिका रूपमा लिन सकिन्छ ।

### २.५.११ लेखन अभ्यास विधि

कुनै विषयवस्तुको बारेमा विद्यार्थीहरूलाई लेख्न लगाई अभ्यास गर्न लगाउने विधिलाई  नै लेखन विधि भनिन्छ । सिर्जनात्मक लेखनका लागि यो विधि निकै उपयोगी हुन्छ । विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु वा समस्या दिएर उनीहरूलाई उक्त विषयवस्तुको बारेमा लेख्न लगाई कमिकमजोरी भएको ठाउँमा सुधार्न लगाएको खण्डमा विद्यार्थीहरूको सिर्जनात्मक लेखनको विकास हुनुका साथै स्वतन्त्र रूपले विषयवस्तुको बारेमा लेख्ने क्षमताको विकास हुन्छ । वाक्य बनाउने, खाली ठाउँ भर्ने, शब्दको अर्थ बुझी त्यसलाई वाक्यमा प्रयोग गर्ने, ठीक र बेठीक वाक्यहरूको छनोट गर्ने आदि कुरामा लेखन अभ्यास विधि उपयुक्त हुन्छ । लेखन अभ्यास कै माध्यमबाट विद्यार्थीहरूलाई विभिन्न किसिमका कविताहरू लेख्न लगाई कक्षामा पनि सुनाउन लगाउनु पर्दछ । लेखन अभ्यास विधिले बालबालिकाको सिर्जनात्मक क्षमतालाई प्रस्फुटन गर्ने भएकोले कविता शिक्षणका क्रममा यो विधि निकै उपयोगी मानिन्छ ।

# अध्याय- तीन

## व्याख्या तथा विश्लेषण

३.१ परिचय

यस अध्यायमा शोधकार्यमा राखिएका उद्देश्यहरू पूरा गर्ने क्रममा व्याख्या तथा विश्लेषण गरिएको छ । वर्तमान अवस्थामा सञ्चालन भइरहेका विद्यालयहरूमा निम्न माध्यमिक तहको कविता विधा शिक्षण गर्दा अपनाएका शिक्षण विधि र क्रियाकलापको कक्षा अवलोकनको तथ्याङ्क प्रश्नावली फाराममा शिक्षकहरूले दिएका उत्तरहरूको विश्लेषण यस अन्तर्गत गरिएको छ । प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई विभिन्न शीर्षकहरूमा राखी निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ :-

३.२ विद्यालय र शिक्षकको विवरण

**तालिका नं. १**

**विद्यालय र शिक्षकको विवरण**

| विद्यालयको किसिम | शिक्षकको किसिम | | जम्मा विद्यालय |
|---|---|---|---|
| | तालिम प्राप्त | तालिम अप्राप्त | |
| सरकारी विद्यालय | ४ | १ | ५ |
| निजी विद्यालय | ३ | २ | ५ |
| जम्मा | ७ | ३ | १० |

माथिको तालिका अनुसारर तथ्याङ्कका लागि छनोट गरिएका विद्यालयहरूमा सरकारी विद्यालय जम्मा ५ वटा रहेका छन् भने निजी विद्यालयहरू पनि ५ वटा नै रहेका छन् । सरकारी र निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमा तालिम प्राप्त शिक्षक सरकारी विद्यालयका ४ र निजी विद्यालयका ३ गरी जम्मा ७ जना रहेका छन् भने तालिम अप्राप्तको सङ्ख्या सरकारी विद्यालयमा १ जना र निजी विद्यालयमा २

जना गरी जम्मा ३ जना रहेका छन् । तालिम प्राप्त शिक्षकको रूपमा नेपाल सरकारबाट सञ्चालित १० महिने तालिम पूरा गरेका अथवा शिक्षा शास्त्रसंकायबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण अर्थात् स्नातक तह, स्नातकोत्तर तहमा शिक्षा विषय अध्ययन गरी सो तह उत्तीर्ण गरेका शिक्षकहरूलाई लिइएको छ ।

## ३.३ शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कको विश्लेषण

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि तयार पारिएका शिक्षक प्रश्नावली जम्मा १५ वटा बहुवैकल्पिक प्रश्नहरू समावेश गरिएका छन् । प्रश्नावली फारामलाई प्रत्येक शिक्षक समक्ष राखिएको थियो । यस अध्ययनमा यिनै विविध शीर्षकगत प्रश्नबाट प्राप्त उत्तरलाई प्रतिशतमा देखाइएको छ र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई पनि उस्तै गरी देखाइएको छ । यी दुबै फारामबाट प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ ।

### ३.३.१ पाठयोजना

कविता शिक्षण गर्दा पाठयोजना बनाउनु हुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :-

**तालिका नं. २**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय | | | निजी विद्यालय | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| ५ | - | ५ | ३ | २ | ५ |
| १००% | - | १००% | ६०% | ४०% | १००% |

कविता शिक्षण गर्दा पाठयोजना बनाउनु हुन्छ कि हुन्न भनी सोधिएको प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कका आधारमा तयार

पारिएको माथिको तालिकाअनुसार सरकारी विद्यालयमा अध्यापन गर्ने ५ जना शिक्षकहरूले पाठयोजना बनाउने गरेको बताए भने निजी विद्यालयमा पढाउने ३ जनाले पाठयोजना बनाउने र २ जना शिक्षकले पाठयोजना नबनाउने वास्तविकता उक्त तालिकाले स्पष्ट पारेको छ ।

**तालिका नं. ३**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| ७ | - | ७ | १ | २ | ३ |
| १००% | - | १००% | ३३.३३% | ६६.६६% | १००% |

शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कबाट तयार पारिएको माथिको तालिकाअनुसार शिक्षणका क्रममा तालिम प्राप्त ७ जनाले र अप्राप्त १ जनाले पाठयोजना बनाउने कुरा स्पष्ट हुन्छ भने तालिम अप्राप्त २ जनाले मात्र नबनाएको प्रष्ट हुन्छ ।

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई गहिरिएर हेर्दा सरकारी विद्यालय र निजी विद्यालयमा पाठयोजना निर्माणमा असमानता रहेको पाइयो । निजी विद्यालयका २०% शिक्षकले पाठयोजना नबनाउने कुरा व्यक्त गरेका आधारमा यी शिक्षकहरूलाई पाठयोजनासम्बन्धी अर्थात् यसको प्रयोजन तथा महत्त्वबारे ज्ञान दिनुपर्ने अवस्था देखियो । त्यस्तै कक्षा अवलोकनका बेला उनीहरूलाई लिखित पाठयोजना देखाउनुहोस् भन्दा कसैले पनि नदेखाएकोले शिक्षकहरूले पाठयोजना निर्माणमा गम्भीरता नदेखाएको तथ्य स्पष्ट हुन्छ ।

### ३.३.२ कविता शिक्षणको अपेक्षित उद्देश्य

निम्न माध्यमिक तहको नेपाली किताबमा समाविष्ट कविताहरूको शिक्षण गर्दा शिक्षकहरूले साहित्यको शिक्षण अर्थात् साहित्यिक रसास्वादन गरिरहेका छन् या भाषिक सीपको शिक्षण गरिरहेका छन् भन्ने कुरा थाहा पाउन उनीहरूले कविता शिक्षण गर्दा

राख्ने उद्देश्यका सम्बन्धमा प्रश्नावली र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :-

**तालिका नं. ४**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा | भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा |
| ३ | २ | ५ | २ | ३ | ५ |
| ६०% | ४०% | १००% | ४०% | ६०% | १००% |

शिक्षक प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयमा शिक्षण गर्ने ३ जना अर्थात् ६०% शिक्षकले कविता शिक्षण गर्दा भाषिक सीप विकासमा जोड दिने बताए भने ४०% शिक्षकले कविता शिक्षणलाई साहित्यिक रसास्वादनका रूपमा लिएको पाइयो । निजी विद्यालयमा भने ४०% शिक्षकले कविता शिक्षणलाई भाषिक सीप विकास र ६०% शिक्षकले साहित्यिक रसास्वादनका रूपमा लिइएको पाइयो ।

**तालिका नं. ५**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा | भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा |
| ५ | २ | ७ | १ | २ | ३ |
| ७१.४२% | २८.५७% | १००% | ३३.३३% | ६६.६६% | १००% |

शिक्षक प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कलाई हेर्दा तालिम प्राप्त ७ जना शिक्षकहरूमध्ये ५ जना अर्थात् ७१.४२ % ले भाषिक सीप

विकासमा जोड दिएको पाइयो भने २ जना अर्थात् २८.५७ % शिक्षकले साहित्यिक रसास्वादनमा जोड दिने गरेको देखियो । तालिम अप्राप्त ३ जना शिक्षकमध्ये १ जनाले भाषिक सीप विकासमा र २ जना शिक्षकले साहित्यिक रसास्वादनमा जोड दिएको पाइयो ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ६**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | | निजी विद्यालय शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| भाषिक सीप विकास | साहित्यिक रसास्वादन | अस्पष्ट | जम्मा | भाषिक सीप विकास | साहित्यिक रसास्वादन | अस्पष्ट | जम्मा |
| २ | २ | १ | ५ | १ | ३ | १ | ५ |
| ४०% | ४०% | २०% | १००% | २०% | ६०% | २०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ४०% शिक्षकहरूले भाषिक सीप विकासलाई जोड दिएर शिक्षण गर्ने र ४०% शिक्षकले साहित्यिक रसास्वादन गराउने देखियो भने साहित्यिक रसास्वादन हो कि भाषिक सीप विकासमा जोड दिइएको हो सो छुट्याउन नसकिने गरी २०% शिक्षकले शिक्षण गरेको देखिन्छ । निजी विद्यालयका १ जना शिक्षकले भाषिक सीप विकासमा र ३ जना शिक्षकले साहित्यिक रसास्वादनमा जोड दिएको पाइयो भने १ जना शिक्षक भने भाषिक सीप विकासमा हो कि साहित्यिक रसास्वादनमा जोड दिएको हो सो छुट्याउन नसकिने गरी शिक्षण गरेको देखिन्छ ।

## तालिका नं. ७

## तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| भाषिक सीप विकास | साहित्यिक रसास्वादन | अस्पष्ट | जम्मा | भाषिक सीप विकास | साहित्यिक रसास्वादन | अस्पष्ट | जम्मा |
| ३ | ३ | १ | ७ | १ | २ | - | ३ |
| ४२.८५ % | ४२.८५ % | १४.२८ % | १०० % | ३३.३३ % | ६६.६६% | - | १०० % |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त शिक्षक मध्ये ३ जना तालिम प्राप्त शिक्षकहरूले भाषिक सीप विकासमा जोड दिएर शिक्षण गरेको, ३ जनाले साहित्यिक रसास्वादन गराएका र १ जना शिक्षकले अस्पष्ट शिक्षण गरेको देखिएको छ भने तालिम अप्राप्त मध्ये १ जना शिक्षकले भाषिक सीप विकासमा र २ जना शिक्षकले साहित्यिक रसास्वादनमा जोड दिएर शिक्षण गरेको देखिएको छ ।

प्रश्नावली र कक्षा अवलोकनबाट आएको तथ्याङ्कलाई हेर्दा नि.मा.वि. को नेपाली भाषा पाठ्यक्रमले अपेक्षा गरेअनुरूप शिक्षण नभएको पाइयो । नि.मा.वि. स्तरको नेपाली भाषा पाठ्यक्रमको उद्देश्य भनेको सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपहरूको वृद्धि गर्नु हो तर सोअनुरूप सबै शिक्षकहरू शिक्षण कार्यमा संलग्न नभएको पाइयो । विद्यार्थी तथा सर्वसाधारणको दृष्टिमा भने भाषिक सीपलाई जोड दिने शिक्षकभन्दा साहित्यिक रसास्वादन गराउने शिक्षक लोकप्रिय रहेको पाइयो ।

३.३.३ शब्दार्थ शिक्षण

कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्नुहुन्छ कि गर्नुहुन्न ? भन्ने प्रश्नमा प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू निम्नलिखित रूपमा प्रस्तुत गरिएका छन् :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ८**

**सरकारी र निजी विद्यालयको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ५ | - | ५ | ५ | - | ५ |
| १००% | - | १००% | १००% | - | १००% |

माथिको तथ्याङ्कअनुसार कविता शिक्षण गर्दा सरकारी तथा निजी विद्यालयका सम्पूर्ण शिक्षकहरूले शब्दार्थ शिक्षण गर्ने बताए । वास्तवमा शब्दार्थ शिक्षण नगराइकन कविता शिक्षण गर्नु राम्रो होइन तर पनि व्यवहार र भनाइमा के कति फरक छ भन्ने कुरा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कले मात्र प्रष्ट पार्दछ । माथिको तथ्याङ्कअनुसार त सम्पूर्ण सरकारी तथा निजी विद्यालयका तालिम प्राप्त एवम् अप्राप्त सबैखाले शिक्षकले कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्ने गरेको बताएका छन् ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ९**

**सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ४ | १ | ५ | ३ | २ | ५ |
| ८०% | २०% | १००% | ६०% | ४०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कले सरकारी विद्यालयका ८०%, निजी विद्यालयका ६०% शिक्षकले शब्दार्थ शिक्षण गर्ने र सरकारी विद्यालयका २०% र निजी विद्यालयका ४०% शिक्षकले शब्दार्थ शिक्षण नगर्ने भन्ने कुरा स्पष्ट पारेको देखिन्छ ।

**तालिका नं. १०**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ६ | १ | ७ | २ | १ | ३ |
| ८५.७१% | १४.२८% | १००% | ६६.६६% | ३३.३३% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त मध्ये ६ जना शिक्षकले शब्दार्थ शिक्षण गर्ने र १ जना शिक्षकले शब्दार्थ शिक्षण नगरेको, तालिम अप्राप्तमध्ये २ जनाले गर्ने र १ जनाले नगर्ने जनाएको छ ।

माथिको तथ्याङ्कहरूलाई हेर्दा शिक्षकहरूमा कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्नुपर्छ भन्ने ज्ञान भएको तर व्यवहारमा गम्भीर नभएको पाइयो ।

३.३.४ वाक्यमा प्रयोग

शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्नुहुन्छ कि गर्नुहुन्न ? भन्ने प्रश्नबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार छन् :-

**तालिका नं. ११**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ५ | - | ५ | ५ | - | ५ |
| १००% | - | १००% | १००% | - | १००% |

माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निजी तथा सरकारी विद्यालयका सम्पूर्ण शिक्षकहरूले कविता शिक्षण अन्तर्गत शब्दार्थ गर्दा वाक्यमा प्रयोग गर्न लगाउने गरेको पुष्टि हुन्छ ।

**तालिका नं. १२**

**तालिम प्राप्त शिक्षक र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ५ | - | ५ | ५ | - | ५ |
| १००% | - | १००% | १००% | - | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त तथा अप्राप्त सम्पूर्ण शिक्षकहरूले कविता शिक्षणअन्तर्गत शब्दार्थ शिक्षण गर्दा शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने गरेको कुरा स्पष्ट भएको छ ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. १३**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ४ | १ | ५ | ३ | २ | ५ |
| ८०% | २०% | १००% | ६०% | ४०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयमा शिक्षण गर्ने ८०% शिक्षकले कविता शिक्षणका क्रममा शब्दार्थ शिक्षण गर्दा शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाएको स्पष्ट हुन्छ भने २०% ले नलगाएको देखिन्छ । निजी विद्यालयका ६०% शिक्षकले श लगाएको र ४०% ले नलगाएको प्रष्ट हुन्छ ।

## तालिका नं. १४

## तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ४ | १ | ५ | २ | ३ | ५ |
| ८०% | २०% | १००% | ४०% | ६०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ४ जना शिक्षकले वाक्यमा प्रयोग गर्न लगाएको, १ जना शिक्षकले गर्न नलगाएको देखिन्छ भने निजी विद्यालयका २ जना शिक्षकले वाक्यमा प्रयोग गर्न लगाएको र ३ जना शिक्षकले नलगाएको देखिन्छ । तालिम अप्राप्तको तुलनामा तालिम प्राप्त शिक्षकहरूले अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाएको पाइयो ।

उक्त तथ्याङ्कको विश्लेषणबाट कतिपय तालिम प्राप्त शिक्षकहरूले ज्ञान भएर पनि लापरवाही गर्ने गरेको र कतिपयले थाहा नभएर शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग नगर्ने गरेको हुन सक्ने अनुमान शोधकर्ताको रहेको छ ।

### ३.३.५ गति यति

कविता शिक्षण गर्दा गति यति मिलाई लयवाचन गर्नुहुन्छ वा हुन्न ? भन्ने प्रश्नका सम्बन्धमा फेला परेका तथ्यहरूलाई निम्नलिखित रूपमा तालिकाबद्ध गरिएको छ :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्क

## तालिका नं १५

## सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ५ | - | ५ | ५ | - | ५ |
| १००% | - | १००% | १००% | - | १००% |

उक्त तथ्याङ्कअनुसार सरकारी विद्यालयका ५ जना अर्थात् १००% र निजी विद्यालयका ५ जना अर्थात् १००% शिक्षक तथा सम्पूर्ण तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा गति, यति र लय मिलाई लयवाचन गर्ने कुरा स्पष्ट हुन्छ ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. १६**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ४ | १ | ५ | ४ | १ | ५ |
| ८०% | २०% | १००% | ८०% | २०% | १००% |

माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ४ जना तथा निजी विद्यालयका पनि ४ जना शिक्षकहरूले कविता शिक्षण गर्दा गति, यति, लय मिलाई लयवाचन गर्ने गरेको वास्तविकता स्पष्ट हुन्छ भने सरकारी र निजी विद्यालयका १/१ जना शिक्षकले नगरेको देखिन्छ ।

**तालिका नं. १७**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ६ | १ | ७ | २ | १ | ३ |
| ८५.७१% | १४.२८% | १००% | ६६.६६% | ३३.३३% | १००% |

माथिको तथ्याङ्कको विश्लेषणअनुसार ६ जना तालिम प्राप्त शिक्षकले गति, यति मिलाई लयवाचन गरेको पाइयो भने २ जना तालिम अप्राप्त शिक्षकले पनि गति, यति मिलाई लयवाचन गरेको

देखिन्छ । तालिम प्राप्त १ जनाले र तालिम अप्राप्त १ जनाले गति, यति मिलाई लयवाचन नगरेको प्रष्ट हुन्छ ।

कविताको लयवाचनको अवस्थालाई अझै गहिरिएर भन्नुपर्दा कतिपय विद्यालयका शिक्षकहरू कवितालाई लयवाचन गरेर सुनाउन उत्सुक भएका तर उनीहरूलाई गलाले साथ नदिएको र कतिपयले लयवाचन गर्दा कविताको आरोह अवरोहको स्थिति मिलाउन नसक्दा हाँस्यास्पद स्वर निस्केको र विद्यार्थी गललल हाँसेको अवस्था पनि कक्षा अवलोकनका क्रममा देख्न पाइयो ।

प्रश्नावली तथा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा कविता शिक्षण गर्दा शिक्षकले पनि गति, यति, लय मिलाई लयवाचन गर्नुपर्दछ भन्ने ज्ञान सम्पूर्ण शिक्षकलाई भएको तर व्यवहारमा त्यो नदेखिएको प्रष्ट हुन्छ । तालिम अप्राप्तका तुलनामा प्राप्त शिक्षक यस कार्यमा सचेत रहेको पाइयो भने कतिपय शिक्षक आफ्नो गलाका कारण पनि खुम्चिन बाध्य रहेको पाइयो ।

### ३.३.६ लयवाचन

विद्यार्थीलाई लयवाचन गराउँदा पहिले कुन क्रियाकलाप गराउनु हुन्छ ? भन्ने प्रश्नको जिज्ञासामा शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्क

**तालिका नं. १८**

**सरकारी तथा निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| समूहगत | एकल | जम्मा | समूहगत | एकल | जम्मा |
| ४ | १ | ५ | ३ | २ | ५ |
| ८०% | २०% | १००% | ६०% | ४०% | १००% |

माथिको तथ्याङ्कले कविता शिक्षणका क्रममा लयवाचन गराउँदा कुन क्रियाकलाप पहिले गराउनुहुन्छ भन्ने प्रश्नमा सम्पूर्ण सरकारी तथा निजी विद्यालयका शिक्षकहरूले दिएको उत्तरमा समानता नरहेको देखाउँछ । यही अवस्था सम्पूर्ण तालिम प्राप्त वा अप्राप्त शिक्षकको हकमा पनि पाइन्छ । यस आधारमा सरकारी विद्यालयका ४ जनाले समूहवाचन पहिले गराउने र १ जनाले एकलवाचन पहिले गराउने जानकारी दिए । निजी विद्यालयका ३ जना शिक्षकले समूहवाचन पहिले गराउने बताए भने २ जना शिक्षकले एकलवाचन पहिले गर्ने कुरा बताए ।

**तालिका नं. १९**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| समूहगत | एकल | जम्मा | समूहगत | एकल | जम्मा |
| ५ | २ | ७ | २ | १ | ३ |
| ७१.४२% | २८.५६% | १००% | ६६.६६% | ३३.३३% | १००% |

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरिएको माथिको परिणाममा तालिम प्राप्त ५ जना शिक्षकले समूहगत लयवाचन पहिले गराउने बताए भने २ जना शिक्षकले एकलवाचन पहिले गराउने कुरा बताए । तालिम अप्राप्त २ जना शिक्षकले समूहवाचन पहिले गराउने कुरा बताए भने १ जना शिक्षकले एकलवाचन पहिले गराउने कुरा बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. २०**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| समूहगत | एकल | जम्मा | समूहगत | एकल | जम्मा |
| ४ | १ | ५ | ३ | २ | ५ |
| ८०% | २०% | १००% | ६०% | ४०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरिएको माथिको सरकारी तथा निजी दुबै विद्यालयको परिणाम शिक्षकले प्रश्नावली फाराममा भरेअनुसार नै पाइयो ।

**तालिका नं. २१**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| समूहगत | एकल | जम्मा | समूहगत | एकल | जम्मा |
| ६ | १ | ७ | २ | १ | ३ |
| ८५.७१% | १४.२८% | १००% | ६६.६६% | ३३.३३% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त ६जना शिक्षकले समूहवाचन पहिले गराएको र १ जना शिक्षकले एकलवाचन पहिले गराउने गरेको पाइयो । त्यसैगरी तालिम अप्राप्त २ जना शिक्षकले पहिले समूहवाचन र १ जनाले पहिला एकलवाचन गराउने गराएको पाइयो ।

३.३.७ बोध प्रश्नोत्तर

कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गर्नुहुन्छ कि गर्नुहुन्न ? भन्ने प्रश्नबाट प्राप्त तथ्याङ्कहरू निम्नानुसार रहेका छन् :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्क

**तालिका नं २२**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | नगराएको | जम्मा |
| ४ | १ | ५ | ४ | १ | ५ |
| ८०% | २०% | १००% | ८०% | २०% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ४ जना शिक्षकहरूले कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गराएको देखिन्छ भने १ जना शिक्षकले नगराउने गरेको देखिन्छ । निजी विद्यालयका पनि ४ जना शिक्षकले कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गरेको र १ जना शिक्षकले नगर्ने गरेको देखिन्छ।

**तालिका नं. २३**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | नगराएको | जम्मा |
| ७ | - | ७ | २ | १ | ३ |
| १००% | - | १००% | ६६.६६% | ३३.३३% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त सम्पूर्ण शिक्षकहरूले कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउने बताए भने तालिम अप्राप्त २ जना शिक्षकले बोध प्रश्नोत्तर गराउने बताए र १ जना शिक्षकले कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर नगराउने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. २४**

**सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | नगराएको | जम्मा |
| २ | ३ | ५ | १ | ४ | ५ |
| ४०% | ६०% | १००% | २०% | ८०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका २ जना शिक्षकले बोध प्रश्नोत्तर गराएको र ३ जना शिक्षकले नगराएको पाइयो भने निजी विद्यालयका १ जना शिक्षकले बोध प्रश्नोत्तर गराएको र ४ जना शिक्षकले नगराएको पाइयो ।

**तालिका नं. २५**

**तालिम प्राप्त र अप्राप्त शिक्षकबीच तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | नगराएको | जम्मा |
| ४ | ३ | ७ | २ | १ | ३ |
| ५७.१४% | ४२.८४% | १००% | ६६.६६% | ३३.३३% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त ४ जना शिक्षकले कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गराएका छन् भने ३ जना शिक्षकले नगराएको पाइयो । तालिम अप्राप्त शिक्षकहरूमध्ये २ जना शिक्षकले बोध प्रश्नोत्तर गराएको र १ जनाले नगराएको प्रमाणित हुन्छ ।

तालिम प्राप्त, अप्राप्त, सरकारी तथा निजी जुनसुकै शिक्षकहरूमध्ये धेरैले सैद्धान्तिक रूपका बोध प्रश्नोत्तर गराउनुपर्ने ज्ञान हासिल गरेको तर व्यवहारमा भने यस्तो प्रयोग सबैले नगरेको पाइयो ।

३.३.८ सारांश कथन

विद्यार्थीलाई कविता शिक्षण गर्दा सारांश कथन गर्न लगाउनु हुन्छ कि लगाउनु हुन्न ? भन्ने प्रश्नका माध्यमबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

**तालिका नं. २६**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ५ | - | ५ | ४ | १ | ५ |
| १००% | - | १००% | ८०% | २०% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ५ जना शिक्षकहरूले कविता शिक्षण गर्दा सारांश कथन गर्न लगाउने

गरेका र निजी विद्यालयका ४ जना शिक्षकले सारांश कथन गर्न लगाउने र १ जना शिक्षकले नलगाउने गरेको देखिन्छ ।

**तालिका नं. २७**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ७ | - | ७ | २ | १ | ३ |
| १००% | - | १००% | ६६.६६% | ३३.३३% | १००% |

माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त सबै ७ जना शिक्षकहरूले कविता शिक्षण गर्दा सारांश कथन गर्न लगाउने गरेको देखिन्छ भने तालिम अप्राप्तमध्ये २ जना शिक्षकले गर्न लगाउने र १ जना शिक्षकले गर्न नलगाउने गरेको देखिन्छ ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. २८**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ४ | १ | ५ | ३ | २ | ५ |
| ८०% | २०% | १००% | ६०% | ४०% | १००% |

माथिको तालिकामा सरकारी विद्यालयका ४ जना शिक्षकले कविता शिक्षण गर्दा विद्यार्थीलाई सारांश कथन गर्न लगाएको, १ जनाले नलगाएको देखियो । त्यस्तै निजी विद्यालयका ३ जना शिक्षकले कविता शिक्षण गर्दा विद्यार्थीलाई सारांश कथन गर्न लगाएको र २ जनाले गर्न नलगाएको पाइयो ।

**तालिका नं. २९**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ५ | २ | ७ | २ | १ | ३ |
| ७१.४२% | २८.५७% | १००% | ६६.६६% | ३३.३३% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त ५ जना शिक्षकहरूले कविता शिक्षण गर्दा विद्यार्थीलाई सारांश कथन गर्न लगाउने र २ जनाले नलगाएको पाइयो । तालिम अप्राप्त शिक्षकहरूमध्ये २ जना शिक्षकले सारांश कथन गर्न लगाउने र १ जनाले गर्न नलगाउने गरेको स्पष्ट हुन्छ । माथिको तथ्याङ्कहरूबाट सरकारी र निजी विद्यालयका अधिकांश तालिम प्राप्त र अप्राप्त शिक्षकहरूलाई सारांश कथन गराउनुपर्छ भन्ने ज्ञान हुँदाहुँदै पनि प्रयोग पक्षमा गम्भीरता नदेखाएको भन्ने कुरा पुष्टि हुन्छ ।

३.३.९ सारांश लेखन

कविता शिक्षण गर्दा विद्यार्थीलाई सारांश लेखन गर्न लगाउनुहुन्छ कि लगाउनुहुन्न ? भन्ने प्रश्नबाट निम्न तथ्याङ्क प्राप्त भएका छन् :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ३०**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ३ | २ | ५ | ४ | १ | ५ |
| ६०% | ४०% | १००% | ८०% | २०% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कले सरकारी विद्यालयका ३ जना शिक्षकहरूले कविता शिक्षण गर्दा सारांश लेखन कार्य गर्न लगाउने

बताए भने २ जना शिक्षकले नलगाउने जनाए । त्यस्तै निजी विद्यालयका ४ जना शिक्षकहरूले लगाउने र १ जनाले नलगाउने बताए ।

**तालिका नं. ३१**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ४ | ३ | ७ | १ | २ | ३ |
| ५७.१४% | ४२.८५% | १००% | ३३.३३% | ६६.६६% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार ४ जना तालिम प्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा सारांश लेख्न लगाउने, ३ जना शिक्षकले नलगाउने जनाए भने तालिम अप्राप्त शिक्षकहरूमध्ये १ जना शिक्षकले सारांश लेख्न लगाउने र २ जना शिक्षकले लेख्न नलगाउने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ३२**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| - | ५ | ५ | - | ५ | ५ |
| - | १००% | १००% | - | १००% | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तयार पारिएको माथिको तालिकाअनुसार सम्पूर्ण सरकारी तथा निजी विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा सारांश लेखन गर्न नलगाएको पाइयो ।

प्रश्नावलीमा अधिकांश शिक्षकहरूले सारांश लेखन गर्न लगाउने बताएका थिए तर कक्षा अवलोकनमा यो स्थिति देखिएन । यस कुराले शिक्षकहरूलाई वास्तविकता थाहा भएर पनि उनीहरूमा व्यवहारमा प्रयोग नगर्ने प्रवृत्ति बढेको छ भन्ने देखाउँछ ।

### ३.३.१० शिक्षण सामग्री

कविता शिक्षण गर्दा के कस्ता शिक्षण सामग्रीको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नबाट निम्न तथ्याङ्कहरू प्राप्त भएको छन् :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ३३**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | | निजी विद्यालय शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र कालोपाटी | पा.का.र.अ.स. सामग्री | जम्मा | पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र कालोपाटी | पा.का.र.अ.स. सामग्री | जम्मा |
| - | १ | ४ | ५ | - | - | ५ | ५ |
| - | २०% | ८०% | १००% | - | - | १००% | १००% |

प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरिएको माथिको परिणामअनुसार सरकारी विद्यालयका १ जना शिक्षकले कविता शिक्षण गर्दा पाठ्यपुस्तक र कालोपाटी प्रयोग गर्ने ४ जना शिक्षकले पाठ्यपुस्तक, कालोपाटी र अन्य सहायक सामग्री प्रयोग गर्ने बताए भने निजी विद्यालयका ५ जना शिक्षकले नै पाठ्यपुस्तक, कालोपाटी र अन्य सहायक सामग्रीको प्रयोग गर्ने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ३४**

**सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | | निजी विद्यालय शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र कालोपाटी | पा.का.र.अ.स. सामग्री | जम्मा | पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र कालोपाटी | पा.का.र.अ.स. सामग्री | जम्मा |
| १ | ४ | - | ५ | - | ५ | - | ५ |
| २०% | ८०% | - | १००% | - | १००% | - | १००% |

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरिएको माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका १ जना शिक्षकले पाठ्यपुस्तक मात्र प्रयोग गरेको, ४ जना शिक्षकले पाठ्यपुस्तक र कालोपाटी प्रयोग गरेको पाइयो भने निजी विद्यालयका ५ जना नै शिक्षकले पाठ्यपुस्तक र कालोपाटी प्रयोग गरेको पाइयो ।

**तालिका नं. ३५**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना**

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र कालोपाटी | पा.का.र.अ.स. सामग्री | जम्मा | पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र कालोपाटी | पा.का.र.अ.स. सामग्री | जम्मा |
| १ | ६ | - | ७ | - | ३ | - | ३ |
| १४.२८% | ८५.७१% | - | १००% | - | १००% | - | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तयार पारिएको माथिको तालिकाअनुसार कविता शिक्षण गर्दा पाठ्यपुस्तक मात्र प्रयोग गर्ने तालिम प्राप्त शिक्षक १ जना र पाठ्यपुस्तक र कालोपाटी प्रयोग गर्ने ६ शिक्षकहरू रहेका छन् । तालिम अप्राप्त शिक्षकहरू ३ जनाले नै पाठ्यपुस्तक र कालोपाटी मात्र शिक्षण सामग्रीको रूपमा प्रयोग गर्ने गरेको पाइयो ।

वास्तवमा शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्न पाठ्यपुस्तक र कालोपाटी मात्र पर्याप्त हुँदैनन् । शब्दपत्ती, अर्थपत्ती, गोजी तालिका, फ्लाटिन आदि सामग्रीहरूको पनि जरूरत पर्दछ । विशेषतः तालिम प्राप्त शिक्षकहरूलाई यो कुरा थाहा हुँदाहुँदै पनि यसको प्रयोगतर्फ उदासीन देखिन्छन् ।

३.३.११ विद्यार्थी मूल्याङ्कन

कक्षा कार्यकलापपछि नियमित विद्यार्थी मूल्याङ्कन गर्नुहुन्छ कि गर्नुहुन्न ? भन्ने प्रश्नका आधारमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ३६**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ५ | - | ५ | ५ | - | ५ |
| १००% | - | १००% | १००% | - | १००% |

प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरी तयार पारिएको माथिको तालिकाअनुसार सरकारी र निजी विद्यालयमा शिक्षण गर्ने सम्पूर्ण तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कविता शिक्षण सिकाइ कार्यकलापपश्चात् नियमित विद्यार्थी मूल्याङ्कन गर्ने कुरा बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ३७**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ३ | २ | ५ | ३ | २ | ५ |
| ६०% | ४०% | १००% | ६०% | ४०% | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरिएको माथिको विवरणअनुसार सरकारी विद्यालयका ३ जना शिक्षकले शिक्षण कार्यकलापपश्चात् विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो भने २ जनाले नगरेको पाइयो । निजी विद्यालयका पनि ३ जना शिक्षकले शिक्षण कार्यकलापपश्चात् विद्यार्थी मूल्याङ्कन गरेको र २ जनाले नगरेको पाइयो । यस तथ्यले मूल्याङ्कन पक्ष कमजोर स्थितिमा रहेको पुष्टि हुन्छ ।

**तालिका नं. ३८**

**तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गरेको | नगरेको | जम्मा | गरेको | नगरेको | जम्मा |
| ५ | २ | ७ | १ | २ | ३ |
| ७१.४२% | २८.५७% | १००% | ३३.३३% | ६६.६६% | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरिएको माथिको विवरणअनुसार तालिम प्राप्त ५ जना शिक्षकहरूले कविता शिक्षणपश्चात् विद्यार्थी मूल्याङ्कन गरेको, २ जना शिक्षकले नगरेको त्यस्तै तालिम अप्राप्त शिक्षकहरूमध्ये १ जनाले विद्यार्थी मूल्याङ्कन गरेको र २ जना शिक्षकले नगरेको पाइयो । यसरी सरकारी तथा निजी एवम् तालिम प्राप्त र अप्राप्त जुनसुकै शिक्षकले पनि शिक्षण कार्यकलापपश्चात् मूल्याङ्कन नगर्नु ज्यादै लापरवाही नै हो भन्न सकिन्छ ।

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कअनुसार सरकारी, निजी, तालिम प्राप्त, तालिम अप्राप्त सबै खाले शिक्षकहरूलाई कविता शिक्षणपश्चात् विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ भन्ने सैद्धान्तिक ज्ञान रहेको तर यस ज्ञानलाई सबैले प्रयोगमा नल्याएको पाइयो । विद्यार्थी मूल्याङ्कनका सवालमा निजी विद्यालय भन्दा सरकारी विद्यालयका शिक्षकहरू बढी सचेत पाइयो भने तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकले बढी सचेतता अपनाएको पाइयो ।

### ३.३.१२ मूल्याङ्कनका साधन

दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा कुन क्रियाकपाल अँगाल्नुहुन्छ ? भनी सोधिएको प्रश्नका आधारमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :-

## तालिका नं. ३९
## सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालय शिक्षक | | | | निजी विद्यालय शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुबै | जम्मा | लिखित | मौखिक | दुबै | जम्मा |
| १ | ३ | १ | ५ | - | ४ | १ | ५ |
| २०% | ६०% | २०% | १००% | - | ८०% | २०% | १००% |

प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरेर तयार पारेको माथिको नतिजाअनुसार सरकारी विद्यालयका १ जना शिक्षकले लिखित, ३ जना शिक्षकले मौखिक र १ जना शिक्षकले मूल्याङ्कनका साधन अपनाउने बताए । निजी विद्यालयका ४ जना शिक्षकले मौखिक, १ जना शिक्षकले मूल्याङ्कनका साधन अपनाउने बताए ।

## तालिका नं. ४०
## तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुबै | जम्मा | लिखित | मौखिक | दुबै | जम्मा |
| १ | ४ | २ | ७ | - | २ | १ | ३ |
| १४.२८% | ५७.१४% | २८.५७% | १००% | - | ६६.६६% | ३३.३३% | १००% |

प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरिएको माथिको परिणामले तालिम प्राप्त शिक्षकहरूमध्ये १ जना शिक्षकले लिखित, ४ जना शिक्षकले मौखिक र २ जनाले मूल्याङ्कनका साधन अपनाउने देखाएको पाइयो । तालिम अप्राप्त शिक्षकहरूमध्ये २ जना शिक्षकले मौखिक, १ जना शिक्षकले मूल्याङ्कनका साधन अपनाएर विद्यार्थी मूल्याङ्कन गरेको पाइन्छ ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ४१**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | | | निजी विद्यालयका शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | | नगरेको | जम्मा | लिखित | मौखिक | | नगरेको | जम्मा |
| - | ४ | - | १ | ५ | - | ४ | - | १ | ५ |
| - | ८०% | - | २०% | १००% | - | ८०% | - | २०% | १००% |

कक्षा अवलोकनबाट माथिको तथ्याङ्क विवरणले सरकारी विद्यालयका ८०% ले मौखिक रूपमा नियमित विद्यार्थी मूल्याङ्कन गर्ने, २०% ले नगर्ने जनाएको छ भने निजी विद्यालयका ८०% ले मौखिक मूल्याङ्कन गरेको र २०% शिक्षकहरूले नियमित विद्यार्थी मूल्याङ्कन नगरेको देखाएको छ ।

**तालिका नं. ४२**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | | | तालिम अप्राप्त शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुबै | नगरेको | जम्मा | लिखित | मौखिक | दुबै | नगरेको | जम्मा |
| - | ६ | - | १ | ७ | - | १ | - | २ | ३ |
| - | ८५.७१% | - | १४.२८% | १००% | - | ३३.३३% | - | ६६.६६% | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी सङ्कलित तथ्याङ्कलाई तालिकीकरण गरिएको माथिको विवरणअनुसार ८५.७१% तालिम प्राप्त शिक्षकहरूले मौखिक रूपमा नियमित विद्यार्थी मूल्याङ्कन गरेको, १४.२८% शिक्षकहरूले कुनै पनि प्रकारको नियमित मूल्याङ्कन नगरेको पाइयो भने तालिम अप्राप्त शिक्षकहरूमध्ये ३३.३३% ले नियमित रूपमा मौखिक मूल्याङ्कन गरेको, ६६.६६% शिक्षकहरूले नगरेको देखिएको छ । यसले तालिम अप्राप्त शिक्षकको कमजोरी स्पष्ट पारेको छ ।

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कअनुसार सबै शिक्षकले कुनै न कुनै मूल्याङ्कनको साधन अपनाउने र नियमित विद्यार्थी मूल्याङ्कन गर्ने बताए तापनि कक्षा अवलोकनको तथ्याङ्क भने फरक निस्कन गएको छ । प्राप्त तथ्याङ्कअनुसार नियमित विद्यार्थी मूल्याङ्कको सवालमा निजी विद्यालयका भन्दा सरकारी विद्यालयका शिक्षकहरू सचेत रहेको र तालिम अप्राप्तका तुलनामा तालिम प्राप्त शिक्षकहरूले बढी सचेतता अपनाएको देखिए तापनि शिक्षकहरूमा विद्यार्थी मूल्याङ्कन नियमित रूपमा गर्नुपर्छ भन्ने थाहा भएर पनि लापरवाही गरेको स्पष्ट हुन्छ । यसले व्यावहारिक पक्ष फितलो रहेको समेत स्पष्ट हुन्छ ।

३.३.१३ गृहकार्य

दैनिक गृहकार्य दिनुहुन्छ कि दिनुहुन्न ? भन्ने प्रश्नमा प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कहरू निम्नानुसार छन् :-

**तालिका नं. ४३**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| दिने | नदिने | जम्मा | दिने | नदिने | जम्मा |
| ५ | - | ५ | ५ | - | ५ |
| १००% | - | १००% | १००% | - | १००% |

प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरेर तयार पारिएको माथिको विवरणअनुसार सरकारी विद्यालयका र निजी विद्यालयका सबै शिक्षकहरूले नै दैनिक गृहकार्य दिने गरेको स्पष्ट हुन्छ ।

**तालिका नं. ४४**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| दिने | नदिने | जम्मा | दिने | नदिने | जम्मा |
| ७ | - | ७ | ३ | - | ३ |
| १००% | - | १००% | १००% | - | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त १००% शिक्षकहरूले नियमित गृहकार्य दिने बताए भने त्यसैगरी तालिम अप्राप्त १००% शिक्षकहरूले पनि नियमित गृहकार्य दिने बताएको पाइयो ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ४५**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| दिने | नदिने | जम्मा | दिने | नदिने | जम्मा |
| ४ | - | १ | ५ | - | ५ |
| ८०% | - | ८०% | १००% | - | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी तथा निजी विद्यालयका सबै शिक्षकहरूले नियमित रूपमा गृहकार्य दिएको पाइयो ।

**तालिका नं. ४६**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| दिने | नदिने | जम्मा | दिने | नदिने | जम्मा |
| ७ | - | ७ | ३ | - | ३ |
| १००% | - | १००% | १००% | - | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त र अप्राप्त १००% शिक्षकहरूले नियमित विद्यार्थीलाई गृहकार्य दिने गरेको पाइयो ।

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कअनुसार सरकारी तथा निजी, तालिम प्राप्त र अप्राप्त सबै शिक्षकहरूले विद्यार्थीलाई नियमित गृहकार्य दिने बताएका थिए र कक्षा अवलोकनमा पनि सोही अनुसार १००%

शिक्षकहरूले नै गृहकार्य दिएको पाइयो । यसर्थमा सरकारी तथा निजी, तालिम प्राप्त र अप्राप्तका बीचमा समानता रहेको सराहनीय पक्ष भएको स्पष्ट हुन्छ ।

३.३.१४ पूर्व पाठको पुनरावलोकन

कक्षाकोठामा सम्बन्धित विषयवस्तुको शिक्षण गर्दा पूर्व पाठको पुनरावृत्ति गर्नुहुन्छ कि गर्नुहुन्न ? भन्ने प्रश्नमा प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क निम्नानुसार रहेको छ :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ४७**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ५ | - | ५ | ३ | २ | ५ |
| १००% | - | १००% | ६०% | ४०% | १००% |

प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरेर तयार पारेको माथिको नतिजाअनुसार सरकारी विद्यालयका १००% शिक्षकहरूले नै पूर्व पाठको पुनरावृत्ति गर्ने बताए भने निजी विद्यालयका ६०% शिक्षकहरूले गर्ने र ४०% शिक्षकहरूले नगर्ने बताएको स्पष्ट हुन्छ ।

**तालिका नं. ४८**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ७ | - | ७ | ३ | १ | ३ |
| १००% | - | १००% | ६६.६६% | ३३.३३% | १००% |

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कअनुसार तालिम प्राप्त १००% शिक्षकहरूले पूर्व पाठको पुनरावृत्ति गर्ने बताए भने तालिम अप्राप्त शिक्षकहरूमध्ये ६६.६६% शिक्षकले पुनरावृत्ति गर्ने र ३३.३३% शिक्षकले नगर्ने बताएको पाइयो ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ४९**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ३ | २ | ५ | २ | ३ | ५ |
| ६०% | ४०% | १००% | ४०% | ६०% | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरिएको माथिको विवरण अनुसार सरकारी विद्यालयका ६०% शिक्षकले पुनरावृत्ति गर्ने र ४०% शिक्षकले पूर्व पाठको पुनरावृत्ति नगर्ने गरेको पाइयो भने निजी विद्यालयका ४०% शिक्षकले पुनरावृत्ति गर्ने र ६०% ले नगर्ने भन्ने तथ्य पाइयो ।

**तालिका नं. ५०**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ५ | २ | ७ | १ | २ | ३ |
| ७१.४२% | २८.५७% | १००% | ३३.३३% | ६६.६६% | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी सङ्कलित तथ्याङ्कलाई तालिकीकरण गरिएको माथिको विवरणअनुसार ७१.४२% तालिम प्राप्त शिक्षकले पुनरावृत्ति गर्ने र २८.५७% शिक्षकहरूले नगर्ने

गरेको पाइयो भने ३३.३३% तालिम प्राप्त शिक्षकले पूर्व पाठको पुनरावृत्ति गर्ने र ६६.६६% ले नगर्ने गरेको देखाएको छ ।

३.३.१५ शिक्षण विधि

कविता शिक्षण गर्दा कुनकुन शिक्षण विधि अपनाउनुहुन्छ ? भन्ने प्रश्नमा प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क निम्नानुसार रहेको छ :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्क

**तालिका नं. ५१**

**सरकारी र निजी विद्यालया शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| शिक्षण विधि | शि. सं. | % | शिक्षण विधि | शि. सं. | % |
| अर्थबोध+गीत | १ | २०% | अर्थबोध+व्याख्या | १ | २०% |
| अर्थबोध+व्याख्यान+प्रश्नोत्तर | १ | २०% | अर्थबोध+गीत | २ | ४०% |
| अर्थबोध+व्याख्यान | १ | २०% | अर्थबोध+व्याख्यान+प्रश्नोत्तर | १ | २०% |
| अर्थबोध+व्याख्यान+प्रश्नोत्तर+गीत | २ | ४०% | अर्थबोध+गीत+व्याख्या | १ | २०% |
| जम्मा शिक्षक सङ्ख्या | ५ | १००% | जम्मा शिक्षक सङ्ख्या | ५ | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका २०% शिक्षकले अर्थबोध+गीत विधि, २०% ले अर्थबोध+ व्याख्यान+ प्रश्नोत्तर विधि, २०% ले अर्थबोध+व्याख्यान विधि र ४०% शिक्षकले अर्थबोध+व्याख्यान+प्रश्नोत्तर+गीत विधि अपनाउने बताए भने निजी विद्यालयका २०% शिक्षकले अर्थबोध+व्याख्यान विधि, ४०% शिक्षकले अर्थबोध+गीत विधि, २०% शिक्षकले अर्थबोध+व्याख्यान+ प्रश्नोत्तर र २०% शिक्षकले अर्थबोध+गीत व्याख्यान विधि अपनाउने गरेको बताए ।

## तालिका नं. ५२

## तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| शिक्षण विधि | शि. सं. | % | शिक्षण विधि | शि. सं. | % |
| अर्थबोध+व्याख्या | ३ | ४२.८५% | व्याख्या+अर्थबोध | १ | ३३.३३% |
| अर्थबोध+व्याख्यान+प्रश्नोत्तर | १ | १४.२८% | अर्थबोध+प्रश्नोत्तर+गीत | १ | ३३.३३% |
| अर्थबोध+व्याख्यान+प्रश्नोत्तर+गीत | २ | २८.५७% | गीत+व्याख्यान+अर्थबोध | १ | ३३.३३% |
| व्याख्यान+गीत | १ | १४.२८% | | | |
| जम्मा शिक्षक सङ्ख्या | ७ | १००% | जम्मा शिक्षक सङ्ख्या | ३ | १००% |

शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कअनुसारको तालिकामा ४२.८५% तालिम प्राप्त शिक्षकले कविता शिक्षण गर्दा अर्थबोध+ व्याख्यान विधि अपनाउने, १४.२८% ले अर्थबोध+व्याख्या+प्रश्नोत्तर विधि अपनाउने, २८.५७% शिक्षकले अर्थबोध+व्याख्यान+प्रश्नोत्तर गीत विधि अपनाउने र १४.२८% ले व्याख्यान गीत विधि अपनाउने गरेको देखिन्छ ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

## तालिका नं. ५३

## सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| शिक्षण विधि | शि. सं. | % | शिक्षण विधि | शि. सं. | % |
| अर्थबोध+व्याख्या | १ | २०% | व्याख्या+अर्थबोध | २ | ४०% |
| व्याख्या+प्रश्नोत्तर+अर्थबोध | २ | ४०% | अर्थबोध+गीत | २ | ४०% |
| अर्थबोध+गीत+व्याख्यान | २ | ४०% | व्याख्यान+गीत+प्रश्नोत्तर | १ | २०% |
| अर्थबोध+व्याख्यान+प्रश्नोत्तर+गीत | - | - | अर्थबोध+गीत+व्याख्या | - | - |
| जम्मा शिक्षक सङ्ख्या | ५ | १००% | जम्मा शिक्षक सङ्ख्या | ५ | १००% |

कक्षा अवलोकनबाट प्राप्त तालिकालाई तालिकीकरण गरी तयार पारिएको माथिको विवरणअनुसार सरकारी विद्यालयका २०% शिक्षकले व्याख्या तथा अर्थबोध विधिलाई अपनाएका, ४०% शिक्षकले व्याख्या+ प्रश्नोत्तर+अर्थबोध विधिलाई अपनाएका, ४०% शिक्षकले अर्थबोध+ व्याख्या+गीत विधिलाई अपनाएर कविता शिक्षण गरेको पाइयो भने निजी विद्यालयका ४०% शिक्षकले व्याख्या+अर्थबोध विधि, ४०% ले नै अर्थबोध+गीत विधि र २०% शिक्षकले व्याख्या+गीत+प्रश्नोत्तर विधिलाई अपनाएर शिक्षण गरेको पाइयो ।

**तालिका नं. ५४**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| शिक्षण विधि | शि. सं. | % | शिक्षण विधि | शि. सं. | % |
| व्याख्या+अर्थबोध+प्रश्नोत्तर | २ | २८.५७% | अर्थबोध+व्याख्या | १ | ३३.३३% |
| अर्थबोध+व्याख्यान | १ | १४.२८% | गीत+व्याख्यान+अर्थबोध | १ | ३३.३३% |
| अर्थबोध+गीत+व्याख्या | २ | २८.५७% | व्याख्या+प्रश्नोत्तर | १ | ३३.३३% |
| व्याख्यान+गीत+प्रश्नोत्तर | २ | २८.५७% | अर्थबोध+गीत+व्याख्या+प्रश्नोत्तर | - | - |
| अर्थबोध+गीत+व्याख्या+प्रश्नोत्तर | - | - | | | |
| जम्मा शिक्षक सङ्ख्या | ७ | १००% | जम्मा शिक्षक सङ्ख्या | ३ | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरेर तयार पारिएको माथिको विवरणले तालिम प्राप्त शिक्षकहरूमध्ये २८.५७% ले व्याख्या अर्थबोध+प्रश्नोत्तर विधिलाई, १४.२८% शिक्षकले अर्थबोध+व्याख्या विधिलाई, २८.५७% ले अर्थबोध+व्याख्यान विधिलाई र २८.५७% नै व्याख्यान+गीत+प्रश्नोत्तर विधिलाई अपनाएको पुष्टि हुन्छ । तालिम अप्राप्त शिक्षकहरूमध्ये ३३.३३% ले अर्थबोध+व्याख्यान विधि अपनाएको, ३३.३३% ले नै अर्थबोध+व्याख्यान+गीत र ३३.३३% ले नै व्याख्यान+प्रश्नोत्तर विधिलाई अँगालेको पाइयो ।

# अध्याय- चार
## निष्कर्ष तथा सुझावहरू

### ४.१ निष्कर्ष

प्रस्तुत शोधपत्रको यस अध्यायमा शोधपत्रमा उल्लेख भएका कुराहरूलाई निष्कर्षका रूपमा बुदाँगत किसिमले उल्लेख गरिएको छ जुन बुदाँहरू निम्नानुसार रहेका छन् :-

१. निम्न माध्यमिक शिक्षाको उद्देश्य श्रमप्रति सकारात्मक भावना भएका, राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान् तथा नेपाली भाषा, गणित र विज्ञान विषयमा उपयुक्त सारको ज्ञान भएका चरित्रवान् नागरिक तयार पार्ने रहेको छ ।

२. निम्न माध्यमिक तहमा कविता शिक्षणको उद्देश्य लयबोध गराउनु, स्मरणशक्तिको विकास गराउनु, कविताप्रति चाख बढाउनु, कल्पनाशक्तिको विकास गर्नु, उच्चारण, शब्दभण्डार तथा वाक्यरचनाजस्ता भाषिक सीपको विकास गराउनु हो ।

३. निम्न माध्यमिक तहका बालबालिकालाई कविता शिक्षण गर्दा रस, अलङ्कार, ध्वनि, छन्दजस्ता कुराहरू सिकाउने प्रयास गरिनु हुँदैन । पाठ्यक्रमको उद्देश्यले निर्धारण गरेका सीमामा रहेर पाठ्यपुस्तकको अभिप्रायअनुरूप शिक्षण गर्नुपर्दछ ।

४. भाषा शिक्षणका क्रममा भाषिक सीपको विकासका लागि कविताको माध्यमबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइको अभ्यास गराउन सकिन्छ ।

५. निम्न माध्यमिक तहका कविता शिक्षण गर्दा गीत तथा अभिनय विधि, छलफल विधि, प्रश्नोत्तर विधि, व्याख्यान विधि, श्रुतिबोध लेखन विधि, श्रव्य सामग्रीको प्रयोग विधि, सस्वर पठन विधि, मौन पठन विधि, स्वरको आरोह-अवरोह विधि, लेखन अभ्यास विधि जस्ता विधिहरूको प्रयोग गर्नुपर्दछ ।

६. शिक्षक र प्रश्नावली फारममा सरकारी विद्यालयका १००% शिक्षकले र निजी विद्यालयका ६०% शिक्षकहरूले पाठयोजना

बनाउने बताए भने तालिम प्राप्त १००% र ३३.३३% अप्राप्त शिक्षकले पाठयोजना बनाउने बताए । यस तथ्याङ्कबाट शिक्षकहरूलाई पाठयोजनाको सैद्धान्तिक ज्ञान भएको तथा पाठयोजनाप्रति सैद्धान्तिक रूपमा सेचतता भएको पाइयो तर व्यावहारिक रूपमा सम्पूर्ण शिक्षकहरूले पाठयोजना बनाएर शिक्षण गरेको पाइएन ।

७. कविता शिक्षण गर्दा शिक्षकहरूले साहित्यको शिक्षण गरेका छन् या भाषिक सीप विकासमा जोड दिएका छन् भनी गरिएको अध्ययनमा निजी विद्यालयका शिक्षक भाषिक सीप विकासप्रति बढी सचेत रहेको पाइयो । तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना गर्दा तालिम प्राप्त शिक्षकहरू नै भाषिक सीप विकासप्रति सचेत हेको पाइयो । शिक्षकहरूको व्यावहारिक पक्षको अध्ययन गर्दा भने अधिकांश शिक्षकहरूले भाषिक सीपलाई प्रमुख उद्देश्य बनाएर शिक्षण नगरेको पाइयो । धेरैजसो शिक्षकहरूले साहित्यिक रसास्वादन गराएको र केही शिक्षकहरूले ज्ञान या सीपको स्पष्टता विना नै शिक्षण गरेको समेत पाइयो । यसबाट अधिकांश शिक्षकहरू पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य प्राप्तितर्फ लाग्न सकेका छैनन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

८. अध्ययन कार्य गर्दा छनोट गरिएका सम्पूर्ण शिक्षकहरूले शब्दार्थ शिक्षण गर्ने बताए तापनि व्यावहारिक रूपमा यो पाइएन । सरकारी विद्यालयका ८०% र निजी विद्यालयका ६०% शिक्षकहरू तथा तालिम प्राप्त ८५.७१%, अप्राप्त ६६.६६% शिक्षकहरूले मात्र कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गरेको पाइयो । यस तथ्याङ्कबाट शिक्षकहरूलाई शब्दार्थ शिक्षण गर्नुपर्छ भन्ने सैद्धान्तिक ज्ञान छ तर व्यवहारमा सबैले उतार्न सकेका छैनन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

९. शिक्षक प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गर्दा सम्पूर्ण शिक्षकहरूले शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाउने बताए । कक्षा अवलोकन गर्दा भने यस्तो पाइएन । सरकारी विद्यालयका जम्मा

८०% र निजी विद्यालयका ६०% शिक्षकहरूले मात्र वाक्यमा प्रयोग गराएको पाइयो । तालिम प्राप्त ८०% र अप्राप्त ४०% मात्र शिक्षकहरूले शब्दार्थ शिक्षण गर्दा शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाएको पाइयो । यस तथ्याङ्कले शिक्षकहरूको व्यावहारिक पक्षप्रतिको असचेततालाई पुष्टि गर्दछ ।

१०. शिक्षकले गति, यति मिलाई लयवाचन गर्ने नगर्ने सम्बन्धमा शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कमा सम्पूर्ण शिक्षकहरूले लयवाचन गराउने बताए तापनि व्यवहारमा भने त्यस्तो पाइएन । कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कमा सरकारी विद्यालयका ८०% र निजी विद्यालयका ८०% शिक्षकहरूले नै गति, यति मिलाई लयवाचन गरेको पाइयो । त्यस्तै तालिम प्राप्त ८५.७१% र तालिम अप्राप्त ६६.६६% शिक्षकहरूले लयवाचन गरेको पाइयो ।

११. विद्यार्थीलाई लयवाचन गराउँदा पहिले कुन क्रियाकलाप गराउनुहुन्छ भनी राखिएको जिज्ञासामा सरकारी र निजी विद्यालयका शिक्षकहरूले प्रश्नावली फारममार्फत दिएको र कक्षा अवलोकनसमेत गरिएको तथ्याङ्कलाई अध्ययन गर्दा तालिम प्राप्त शिक्षकले अप्राप्तको तुलनामा राम्रो गरेको र सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका शिक्षकहरूको कमजोर स्थिति रहेको पाइयो ।

१२. सरकारी विद्यालयका १००%, निजी विद्यालयका ८०% शिक्षकहरूले कविता शिक्षण गर्दा सारांश कथन गर्न लगाउने बताए तापनि कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कमा त्यस्तो स्थिति देखिएन । कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कअनुसार जम्मा ८०% सरकारी विद्यालयका शिक्षक र ६०% निजी विद्यालयका शिक्षकहरूले सारांश कथन गर्न लगाएको पाइयो भने तालिम प्राप्त ७१.४२% र अप्राप्त ६६.६६% ले मात्र सारांश कथन गराएको पाइयो । यसप्रकार सारांश कथन गराउने सम्बन्धमा निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका शिक्षकको तालिम अप्राप्त शिक्षकको तुलनामा प्राप्त

शिक्षकको स्थिति राम्रो देखिए तापनि समग्रमा भन्नुपर्दा सारांश कथनको स्थिति पनि कमजोर रहेको पाइयो ।

१३. सरकारी विद्यालयका ६०% र निजी विद्यालयका ८०% शिक्षकहरूले कविता शिक्षणको बेला सारांश लेख्न लगाउने बताए तापनि कक्षा अवलोकनको तथ्याङ्क भने भिन्न रह्यो । कक्षा अवलोकनको तथ्याङ्कअनुसार कसैले पनि कविता शिक्षणमा सारांश लेख्न नलगाएको पाइयो ।

१४. शिक्षण सामग्रीको प्रयोग सम्बन्धमा अध्ययनमा शिक्षकहरूले कालोपाटी र पाठ्यपुस्तक बाहेक अन्य कुनै पनि शिक्षण सामग्री प्रयोग नगरेको पाइयो । यसबाट के थाहा हुन्छ भने तालिम प्राप्त सबै शिक्षक र धेरैजसो अप्राप्त शिक्षकहरूलाई कविता शिक्षणमा पनि शिक्षण सामग्रीको प्रयोग गर्नुपर्छ भन्ने थाहा छ तर उनीहरूले व्यावहारिक प्रयोजनमा यस कुरालाई लागू गर्दैनन् ।

१५. कविता शिक्षणका अन्त्यमा नियमित विद्यार्थी मूल्याङ्कन गर्ने/नगर्ने सम्बन्धमा गरिएको अध्ययनमा सम्पूर्ण निजी तथा सरकारी विद्यालयका शिक्षक र तालिम प्राप्त र अप्राप्त शिक्षकले विद्यार्थी मूल्याङ्कन गर्ने बताए । कक्षा अवलोकनको तथ्याङ्क भन्ने भिन्न खालको देखियो । तालिम अप्राप्त शिक्षकले भन्दा प्राप्त शिक्षकले नियमित विद्यार्थी मूल्याङ्कनको स्थितिलाई बढी पछ्याएको पाइए तापनि विद्यार्थी मूल्याङ्कन जस्तो संवेदनशील विषयमा लापरवाही भएको कुरालाई बिर्सिरहन सकिन्न ।

१६. विद्यार्थी मूल्याङ्कनका साधनहरूको प्रयोगका सम्बन्धमा गरिएको अध्ययनमा सरकारी विद्यालयका २०% शिक्षकले लिखित, ६०% ले मौखिक, २०% ले दुबैखाले मूल्याङ्कन गर्ने बताए । निजी विद्यालयका ८०% शिक्षकले मौखिक र २०% ले दुबैखाले मूल्याङ्कनका साधन अपनाउने बताए । कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका ८०% ले मौखिक र २०% ले नगरेको र निजी विद्यालयका ८०% ले मौखिक र २०% ले नगरेको पाइयो । यसबाट के निष्कर्षमा पुग्न

सकिन्छ भने शिक्षकहरूमा विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ भन्ने थाहा छ तर उनीहरू यस विषयमा संवेदनशील छैनन् ।

१७. गृहकार्य दिने/नदिने सवालमा अध्ययन गर्दा सरकारी विद्यालयको तुलनामा निजी र तालिम अप्राप्तको तुलनामा प्राप्त शिक्षकहरूको स्थिति राम्रो रहेको पाइयो ।

१८. विभिन्न विश्वविद्यालयका शिक्षाशास्त्र सङ्काय तथा विभिन्न संस्थाबाट समेत तालिम हासिल गरी अध्यापनमा लागेका शिक्षकहरूले आफ्नो ज्ञान, सीपको प्रयोग पूर्णरूपले गर्न नसकेको देखिएकोले उनीहरूले प्राप्त गरेको ज्ञान, सीपको उचित प्रयोग नभएको पाइयो । कुनैकुनै विषयमा सरकारी विद्यालयका भन्दा निजी विद्यालयका शिक्षकहरू अगाडि रहेको पाइए तापनि समग्र रूपमा हेर्दा निजी विद्यालयका शिक्षकको तुलनामा सरकारी विद्यालयका शिक्षकहरूको शिक्षण राम्रो रहेको पाइयो ।

## ४.२ सुझावहरू

१. निम्न माध्यमिक तहको कविताको शिक्षण तहगत उद्देश्यमा आधारित हुनुपर्दछ ।

२. कविताको शिक्षण गर्दा प्रस्तावना, शब्दार्थसम्बन्धी कठिनाइको निवारण, आदर्शपाठ, अनुकरणवाचन, बोध प्रश्नोत्तर, भावार्थ सम्बन्धी अभ्यास, मूल्याङ्कनजस्ता कुराहरूमा विशेष ध्यान दिएर शिक्षण गर्ने कुरामा शिक्षकहरूलाई तालिम दिने व्यवस्था हुनुपर्दछ ।

३. शिक्षण कार्यकलाप सञ्चालन गर्नु पूर्व पाठयोजना बनाउँदा शिक्षण कार्य सरल, सुगम एवम् उद्देश्यपूर्ण हुने भएकाले सम्पूर्ण शिक्षकहरूले पाठयोजना तयार पारी शिक्षण गर्नुपर्दछ ।

४. शब्दार्थ शिक्षणमा शिक्षकहरूले ध्यान दिएको पाइए तापनि शब्दार्थ शिक्षण गर्दा अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउँदा शब्दार्थ शिक्षण अत्यन्त प्रभावकारी हुने भएकाले शिक्षकहरू यस कार्यतर्फ सचेत हुनु आवश्यक छ ।

५. निम्न माध्यमिक तहको पाठ्यक्रममा कविता शिक्षणको प्रमुख उद्देश्य भाषिक सीप विकासमा जोड दिनु नै हो । त्यसैले कक्षा रोचक बनाउन, विद्यार्थीलाई आकर्षित गर्न शिक्षकले साहित्यिक रसास्वादनको कार्यकलापतर्फ प्रवेश गरी विद्यार्थीलाई आकर्षित गराउने कार्यमा शिक्षक सधैं सचेत रहनुपर्दछ । भाषिक सीप विकासलाई प्रमुखता दिएर शिक्षण गर्नुपर्दछ । कविता शिक्षणको उद्देश्यप्रति स्पष्ट हुनका लागि शिक्षकहरूमा सम्बन्धित तहको पाठ्यक्रम अध्ययनको पनि आवश्यकता छ ।

६. कविता शिक्षण गर्दा शिक्षकले आदर्श वाचन गर्नुपर्छ । कतिपय शिक्षकहरूले आफ्नो गलाको कमजोरीका कारण आदर्श वाचन गर्न नसक्ने देखिएकोले त्यस्ता शिक्षकले कक्षामा राम्रो गला भएको विद्यार्थीलाई छानी आदर्श वाचनको अभ्यास गराउनुपर्दछ र अन्य विद्यार्थीलाई अनुकरण वाचन गराउनुपर्दछ । विद्यार्थीलाई अनुकरण वाचन गराउँदा गति, यतिको ख्याल गरी उचित लयवाचन गराउनुपर्दछ ।

७. बढी भन्दा बढी प्रश्नोत्तर क्रियाकलाप गरी विद्यार्थीहरूलाई शिक्षण कार्यमा सक्रिय बनाउनुपर्छ ।

८. शिक्षकहरूले कालोपाटी र पाठ्यपुस्तकलाई मात्र सामग्री गराएर शिक्षण गरेको पाइएकोले शिक्षण कार्य प्रभावकारी बनाउनका लागि शब्दपत्ती, चित्रपत्ती, वाक्यपत्ती, फ्लाटिन पाटी, गोजी तालिका जस्ता शिक्षण सामग्रीहरूको प्रयोग गर्नुपर्छ ।

९. शिक्षण कार्यकलापको अन्त्यमा अनिवार्य रूपमा मूल्याङ्कन र कमजोरी निराकरण गर्नुपर्छ ।

१०. अनिवार्य रूपमा गृहकार्य दिनुपर्छ । सम्भव भएसम्म गृहकार्य जाँचेर उचित सल्लाह समेत दिनुपर्छ ।

११. विद्यार्थी केन्द्रित विधि उचित भएको थाहा भएर पनि धेरैजसो शिक्षकहरूले शिक्षक केन्द्रित विधि नै अपनाएको देखिएकोले विद्यार्थी केन्द्रित विधिमा जोड दिएर शिक्षण गर्नु राम्रो मानिन्छ ।

१२. सारांश लेखन र कथन जस्ता कार्यले बोलाइ, लेखाइ जस्ता भाषिक सीप वृद्धि गर्ने भएकोले यस्ता क्रियाकलाप गराउनु सान्दर्भिक मानिन्छ ।

१३. तालिम अप्राप्त शिक्षक सैद्धान्तिक पक्षका चतुर जस्ता देखिए तापनि व्यावहारिक पक्षमा पछाडि रहेको र कतिपय तालिम प्राप्त शिक्षकहरूले आफ्नो व्यावहारिक ज्ञान, सीपलाई प्रयोग गर्न नसकेको देखिएकाले यस्ता दुबैखाले शिक्षकहरूलाई पुनर्ताजगी तालिम गराउनुपर्छ ।

१४. विद्यालयमा शिक्षकहरूले गर्ने कार्यको सुपरीवेक्षण गरी राम्रो कार्य गर्नेलाई पुरस्कार र नराम्रो गर्नेलाई दण्ड दिनुपर्छ ।

१५. कतिपय विद्यालयमा नेपाली विषय शिक्षकलाई अन्य विषय शिक्षण गर्न लगाई अन्य विषय शिक्षकले नेपाली शिक्षण गरेको पाइएकोले नेपाली विषय शिक्षकलाई नै नेपाली विषय शिक्षण गर्न दिनुपर्छ ।

१६. बालबालिकाहरूमा कविता लेखनको विकास गराउनका लागि समय-समयमा कविता प्रतियोगिताजस्ता अतिरिक्त क्रियाकलाप गराउनुपर्छ ।

१७. अनुगमन प्रणालीलाई सबल बनाई योजना, प्रस्तुति, शैक्षिक सामग्री, मूल्याङ्कन प्रणालीमासमेत सुधार ल्याउनु पर्ने देखिन्छ ।

## ४.३ शोधका लागि सम्भाव्य शीर्षकहरू

भावी अनुसन्धानका लागि निम्नलिखित शीर्षकहरूलाई लिन सकिन्छ :-

१. कक्षा ९ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,

२. कक्षा १० मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,

३. माध्यमिक तहमा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,

४. कक्षा ७ मा जीवनी शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,

५. कक्षा ९ मा निबन्ध विधा शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन,

६. कक्षा १० को नेपाली पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०५३), **नेपाली भाषा शिक्षण,** काठमाडौँः कुञ्जल प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६१), **प्रारम्भिक नेपाली शिक्षण**, चौथो संस्करण, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र अन्य (२०६१), **हाम्रो नेपाली किताव शिक्षक निर्देशिका कक्षा-८**, भक्तपुर ।

कार्की, सङ्गीता (२०५८), **कक्षा चारमा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने शिक्षण विधिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

खनाल, पेशल (२०५८), **भाषा शिक्षण अनुसन्धान पद्धति,** काठमाडौँ : स्टुडेन्ट्स बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

ढकाल, लक्ष्मीप्रसाद (२०५५), **कक्षा ५ मा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), **परिचयात्मक नेपाली शिक्षण,** काठमाडौँ : एम.के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

डुम्रे, गीतादेवी (२०६५), **प्राथमिक तहमा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, बुटवल बहुमुखी क्याम्पस, बुटवल ।

दीक्षित, उषा र विश्म्भर घिमिरे (२०५१), **शिक्षकको स्वाध्यन सामग्री भाग-२,** भक्तपुर : दूर शिक्षा केन्द्र, सानोठिमी ।

**नेपाली बृहत् शब्दकोश** (२०४०), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाठ्यक्रम विकास केन्द्र (२०५७), **निम्न माध्यमिक तहको नेपाली पाठ्यक्रम,** दोस्रो संस्करण : भक्तपुर, सानोठिमी ।

पौड्याल, देवीदत्त (२०६०), **कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोत्रपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बेल्वासे, अनन्तप्रसाद (२०६०), **कक्षा पाँचमा कथा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

भट्टराई, रमेशप्रसाद र अन्य (२०५८), **निम्न माध्यमिक तह प्रशिक्षक निर्देशिका,** भक्तपुर : माध्यमिक शिक्षा विकास केन्द्र, सानोठिमी ।

.............................. (२०६१), **नेपाली भाषा शिक्षण,** भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण,** काठमाडौँः न्यु हिरा बुक्स ।

न्यौपाने, विनोदकुमार (२०६२), **कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

रिमाल, डिल्लीराम (२०५३), **नेपाली शिक्षण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद (२०५१), **नेपाली भाषा शिक्षण,** भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।

.............................. (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौँः न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०५२), **शोधविधि,** काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, नारायणप्रसाद (२०६४), **कक्षा ८ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

# परिशिष्ट-क

| सरकारी विद्यालय | | | निजी विद्यालय | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम | क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम |
| १ | श्री पशुपति उच्च मा.वि., सालझण्डी, रूपन्देही | श्रीमती लालुमाया सुनार | १ | नवप्रभात बोर्डिङ्ग स्कुल, सालझण्डी, रूपन्देही | श्री शेषकान्त घिमिरे |
| २ | श्री कोटियादेवी मा.वि., सालझण्डी, रूपन्देही | श्री पुनाराम घिमिरे | २ | सिद्धार्थ मेमोरियल ऐकेडेमी, दुधराक्ष, रूपन्देही | श्री केशव खनाल |
| ३ | श्री सालझण्डी मा.वि., झिमझिमिया, रूपन्देही | श्री खडानन्द घिमिरे | ३ | पृथिवी फ्लावर बोर्डिङ्ग स्कुल, सालझण्डी, रूपन्देही | श्री हरि न्यौपाने |
| ४ | श्री महेरवा देवी नि.मा.वि., सालझण्डी, रूपन्देही | श्री सूर्यप्रकाश भुसाल | ४ | रिभाइभल इङ्गिलस बोर्डिङ्ग स्कुल, दुधराक्ष, रूपन्देही | श्रीमती खुमादेवी बस्याल |
| ५ | श्री जनज्योति नि.मा.वि., सालझण्डी, रूपन्देही | श्रीमती चन्द्रकला पोखेल | ५ | बुद्ध इङ्गिलस स्कुल, दुधराक्ष, रूपन्देही | श्री शुकदेव ज्ञवाली |

**जनसंख्या छनोट गरिएका विद्यालय र शिक्षकको नामावली**

# परिशिष्ट–ख

## शिक्षक प्रश्नावली फारम

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत गरिने शोधपत्रको आंशिक आवश्यकता पूर्तिका लागि प्रस्तुत कक्षा अवलोकन फारम

शिक्षकको नाम :  मिति :

विद्यालयको नाम :  विषय :

तालिम : प्राप्त ⁄ अप्राप्त  तह :

कक्षा :

१) कविता शिक्षण गर्दा पाठयोजना बनाउनु हुन्छ वा हुन्न ?

क) हुन्छ  ख) हुन्न

२) कविता शिक्षणको उद्देश्यका लागि बढी आवश्यक कुन उद्देश्यलाई ठान्नुहुन्छ ?

क) भाषिक सीप विकास  ख) साहित्यिक रसास्वादन

३) कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्नुहुन्छ वा हुन्न ?

क) हुन्छ  ख) हुन्न

४) शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाउनुहुन्छ वा हुन्न ?

क) हुन्छ  ख) हुन्न

५) कविता शिक्षण गर्दा गति, यति मिलाई लयवाचन गर्नुहुन्छ वा हुन्न ?

क) हुन्छ  ख) हुन्न

६) विद्यार्थीलाई लयवाचन गराउँदा पहिले कुन क्रियाकलाप गराउनु हुन्छ ?

क) एकल वाचन  ख) समूह वाचन

७) कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउनु हुन्छ वा हुन्न ?

क) हुन्छ  ख) हुन्न

८) कविता शिक्षण गर्दा सारांश कथन गर्न लगाउनु हुन्छ वा हुन्न ?

क) हुन्छ  ख) हुन्न

९) कविता शिक्षण गर्दा सारांश लेख्न लगाउनु हुन्छ वा हुन्न ?

क) हुन्छ ख) हुन्न

१०) कविता शिक्षण गराउँदा कस्ता शिक्षण सामग्री प्रयोग गर्नुहुन्छ ?

क) पाठ्यपुस्तक ख) पाठ्यपुस्तक र कालोपाटी

ग) अन्य सहायक सामग्री

११) कक्षा कार्यकलापपश्चात् नियमित विद्यार्थी मूल्याङ्कन गर्नुहुन्छ वा हुन्न ?

क) हुन्छ ख) हुन्न

१२) दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा कुन क्रियाकलाप अपनाउनु हुन्छ ?

क) लिखित ख) मौखिक

१३) दैनिक गृहकार्य दिनुहुन्छ वा हुन्न ?

क) हुन्छ ख) हुन्न

१४) कक्षाकोठामा सम्बन्धित विषयवस्तुको शिक्षण गर्दा पूर्व पाठको पुनरावलोकन गर्नुहुन्छ वा हुन्न ?

क) हुन्छ ख) हुन्न

१५) कविता शिक्षण गर्दा कुनकुन विधिलाई अँगाल्नुहुन्छ ?

क) व्याख्यान विधि ख) गीत तथा अभिनय विधि

ग) प्रश्नोत्तर विधि घ) अर्थवोध विधि

ङ) कुराकानी तथा छलफल विधि च) अन्य विधि

सुपरीवेक्षक : रमेश भुसाल

# परिशिष्ट–ग

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागमा प्रस्तुत गरिने शोधपत्रको आंशिक आवश्यकता पूर्तिका लागि प्रस्तुत कक्षा अवलोकन फारम

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : विषय :

तह : कक्षा :

१) शिक्षण क्रियाकलाप सुरुवात :

..........................................................................

२) शब्दार्थ शिक्षण :

..........................................................................

३) लयवाचन :

..........................................................................

४) बोध प्रश्नोत्तर :

..........................................................................

५) भावबोध :

..........................................................................

६) अपनाइएका मुख्य शिक्षण विधि :

..........................................................................

७) पाठको तयारी :

..........................................................................

८) शिक्षण सामग्रीको प्रयोग :

..........................................................................

९)विद्यार्थी सहभागिता :

..........................................................................

१०) गृहकार्य :

..........................................................................


११) अन्य :

................................................................



सुपरीवेक्षक : रमेश भुसाल

# व्यक्तिवृत्त



नाम – रमेश भुसाल

स्थायी ठेगाना – सालझण्डी-८, भचना, रूपन्देही, लुम्बिनी

पिता – स्व. निमानन्द भुसाल

माता – शान्ता भुसाल

जन्मस्थान – वाड्ला-९, रानीपोखरा, अर्घाखाँची, लुम्बिनी

रुचि – अध्ययन-अध्यापन गर्ने

फोन नं. – ९८४७०९२५२०

शैक्षिक योग्यता

| तह | श्रेणी | उत्तीर्ण वर्ष | संस्थान |
|---|---|---|---|
| प्रवेशिका | दोस्रो | २०५३ | श्री पशुपति उ.मा.वि., सालझण्डी, रूपन्देही |
| प्रवीणता प्रमाण पत्र तह | दोस्रो | २०५७ | सिद्धार्थ क्याम्पस, वाणगंगा, कपिलवस्तु |
| स्नातक | दोस्रो | २०६२ | बुटवल बहुमुखी क्याम्पस, बुटवल, रूपन्देही |
| स्नातकोत्तर | प्रथम | २०६५ | बुटवल बहुमुखी क्याम्पस, बुटवल, रूपन्देही |

अनुभव

| शिक्षण संस्था | समय |
|---|---|
| श्री कोटिया देवी माध्यमिक विद्यालय सालझण्डी-८, रूपन्देही | २०५३ देखि २०५५ सम्म |
| स्टार बोर्डिङ्ग स्कुल, सालझण्डी, रूपन्देही | २०५६/०३/२४ – २०६०/०५/२१ |
| श्री कोटिया देवी माध्यमिक विद्यालय सालझण्डी-८, रूपन्देही | २०६०/०५/२२ – निरन्तर |